# प्रभाव दैनिक
National Daily



गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरुद्ध सबै सचेत, सजग र क्रियाशिल रहनु पर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



वर्ष ७ अंक १९४ काठमाडौं मंगलबार, १६ मंसिर २०७७ Prabhab National Daily, Tuesday, December 1, 2020 URL www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


सन्दर्भ : वैदेशिक रोजगार

## मागपत्र स्वीकृत गरिने

■ लोकराज रुम्दाली

**काठमाडौं–** विदेशबाट श्रमिकको माग आएमा मागपत्र स्वीकृत गरिने वैदेशिक रोजगार विभागले जनाएको छ । नेपाली दूताबास नभएको युरोपलगायत मुलुकमा मागपत्र प्रमाणीकरण गर्न सोही मुलुकका चेम्बर अफ कमर्सले प्रमाणीकरण गरी सम्बन्धित रोजगारदाता कम्पनीको डोमेनबाट विभागमा इमेलमार्फत सक्कल मागपत्र पठाएमा पूर्वस्विकृति दिईने विभागका महानिर्देशिक कुमारप्रसाद दाहालले बताए ।

महानिर्देशक दाहालका अनुसार सोही मुलुकका चेम्बर अफ कमर्सले प्रमाणीकरण गरी सम्बन्धित रोजगारदाता कम्पनीको डोमेनबाट विभागमा इमेलमार्फत सक्कल मागपत्र पठाएमा युरोपलगायत देशबाट नेपाली श्रमिकको माग ल्याउन सहज हुनेछ । उनले भने, 'मागपत्र स्वीकृत गराउने सन्दर्भमा परराष्ट्र मन्त्रालयसँग कुराकानी भइसकेको छ । तर, आन्तरिक व्यवस्थापनका कारण मागपत्र स्वीकृत हुन सकेको थिएन । तर, अब मागपत्र स्वीकृत गरिने भएको छ ।'

कोभिड-१९ को संक्रमणका बेला माग पत्र स्वीकृत गरेर कामदार विदेश गएमा समस्या हुँदैन भन्ने सर्न्दभमा त्यस्तो समस्या नहुने उनले बताएका छन् । 'सम्बन्धित देशले कामदार नपाउने र कम्पनीले कामदार कुन सम्झौताका आधारमा पठाउने भन्नेले अर्थ राख्छ, ' उनले भने, ' यद्यपि, यी दुवै पक्षबीच सम्झौता भई कामदार विदेश पठाएको खण्डमा कुनै समस्या निम्तिने छैन ।'

सोमबार प्रगतिशिल वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल (पिएफएफइएन)ले विभागका महानिर्देशक दाहाललाई भेटेर यससम्बन्धि नौबुँदे माग पत्र बुझाएका छन् । प्रभाव दैनिकसँगको कुराकानीमा पिएफएफइएनका अध्यक्ष रामप्रसाद भान्तनाले ९ बुंदे मागपत्र बुझ्दै विभागका महानिर्देशक दाहालले मागपत्रसम्बन्धि स्विकृति दिइने बताए ।

अध्यक्ष भान्तनाका अनुसार साइप्रसको हकमा रोकिएर बसेको पूर्वस्विकृति विभागले तत्काल सुचारु गर्ने सहमति भएको छ । साथै अख्तियारी पत्रको म्याद सकिएको हकमा गन्तव्य मुलुकस्थित राजदूताबासबाट प्रमाणित भई पुनः अख्तियारी पत्रको सक्कल प्रति आएमा पूर्ववत् मागपत्र यथावत् रही काम गर्ने मिल्ने व्यवस्था गरिने पनि भान्तनाले बताए ।

कोभिड-१९ का कारण विगत ९ महिनादेखि बन्द भएकाले अधिकांश पूर्वस्विकृती भएका फाइलहरूमा कामदारहरू पठाउन नपाउँदै अवधि समाप्त हुन गएकाले सो पूर्वस्विकृतिको म्याद १ वर्ष थप गर्नुपर्ने विभागलाई मञ्चले बुझाएको माग पत्रमा उल्लेख छ ।

तर, साइप्रसलगायत गन्तव्य मुलुकहरूको पूर्वस्विकृतिका लागि फाइलहरू कार्यालयमा दर्ता भएको लामो समय भइसक्दा पनि पूर्वस्विकृति दिएको छैन । यद्यपि, गन्तव्य मुलुकहरूको पूर्वस्विकृति पूर्ववत् रूपमा तुरुन्त दिने व्यवस्था गर्नु पर्ने माग पत्रमा उल्लेख गरिएको छ ।

करार पत्रमा उल्लेख भएअनुसार नै तोकिएको तलब तथा सेवा सुविधा प्राप्त भइरहेको अवस्थामा कोभिड-१९ का कारण रोजगार गुमाई नेपाल फर्किने श्रमिकहरूको सम्बन्धमा उजुरी वा गुनासोहरूको सुनुवाइ गर्न व्यवसायीहरूको समेत प्रतिनिधित्त्व हुने गरी छुट्टै समिति बनाई सोहीमार्फत समस्या समाधान गर्नुपर्ने मागपत्र पनि मञ्चले विभागलाई बुझाएको छ । यसका लागि आवश्यक परे उचित वातारण जुटाई समिति बनाउन विभाग तयार रहेको महानिर्देशक दाहालले बताए ।

यसैगरी गन्तव्य मुलुक पुगेर कालोसूचीमा परेको खण्डमा, मेडिकल रिपोर्ट झुठो देखिए वा अन्य कारणले ६ माहिनाभित्र फिर्ता भई फर्किआएमा सो कोटा फिर्ता हुने व्यवस्था गर्न पनि मञ्चले विभागसँग माग गरेको छ ।

त्यस्तै, कोभिड- १९ का कारण रोजगार गुमाई नेपाल फर्किएका श्रमिकहरूको सम्बन्धमा, इजाजत पत्र प्राप्त संस्था तथा रोजगारदाता कम्पनीको र श्रमिकको कुनै पनि गल्ती नदेखिएमा प्रवर्द्धन बोर्डमा जम्मा भएको भलाइ कोष प्रयोग गरी वा अन्य तरिका अपनाई श्रमिकलाई उचित राहत उपलब्ध गराउनुपर्ने माग पत्रमा उल्लेख छ । तर, कोभिडको बाहना बनाई स्वइच्छाले काम र कम्पनी छाडी वा कुनै गैरकानुनी कार्य गरी नेपाल फर्किएका कामदारको सम्बन्धमा व्यवसायीको कुनै गल्ती नहुने हुँदा कामदार स्वयं जिम्मेवार हुनु पर्ने व्यवस्था माग गरिएको छ ।

जिट्कोमार्फत जापानमा प्रशिक्षार्थी कामदार पठाउने सम्बन्धमा विभागाट जारी गरिएको जिट्को लाइसेन्सको विभिन्न समय र परिस्थितिका कारणले गर्दा कतिपय व्यावसायिक संस्थाहरू नवीकरण नभएका र कतिपय सूचीकृत हुन नपाएको सन्दर्भमा पनि सोमबार छलफल भएको छ । वैदेशिक रोजगार एकता समाजका अध्यक्ष हरिबहादुर पाण्डे क्षत्रीले संस्था नवीकरणका र हाल प्रशिक्षार्थी कामदारका रूपमा नभई कामदारकै रूपमा माग भइरहेको सन्दर्भमा महानिर्देशकसँग छलफल भएको पनि उनले बताए ।

जापानलगायत देशमा रोजगारीमा जाने कामदारहरू सम्पूर्ण इजाजतपत्रप्राप्त संस्थाहरूमार्फत पठाउने गरी निर्देशिका बनाई लागू गर्न मञ्चले माग गरेको छ । त्यस्तै, कतारमा कामदार पठाउने सन्दर्भमा केही व्यवसायीहरूले सिन्डिकेट खडा गर्ने प्रयासमा लागेको र मुलुकको प्रचलित कानुनको अवज्ञा गर्दै बिनापूर्व स्वीकृति अन्तर्वार्ताहरूको आयोजना गरिरहेकाले निजहरूलाई कडाभन्दा कडा कारबाही गर्न पनि मञ्चले विभागसमक्ष माग गरेको छ ।

फुटको संघारमा नेकपा

## पार्टी हाँक्न युवा तयार छौं : मन्त्री पुन



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का स्थायी समिति सदस्य वर्षमान पुनले युवाहरू पार्टी र सरकार हाँक्न तयार रहेको बताएका छन् । वर्तमान सरकारको ऊर्जामन्त्री पुनले सोमबार रोल्पा पुगेर अध्यक्ष तथा प्रधानमन्त्री केपी ओलीको भनाइलाई काउन्टर गर्दै भने, 'दुवै अध्यक्ष्ले पद छाडे युवाहरू पार्टी हाँक्न तयार छ । युवाहरू पार्टी हाँक्न सक्षम पनि छन् ।'

नेकपाका अध्यक्ष तथा प्रधानमन्त्री ओलीले शनिबार प्रस्तुत गरेको प्रतिवेदनमा कार्यकारी अध्यक्ष पुष्पकमल दाहाललाई चुनौती दिँदै भनेका थिए, 'मैले त पार्टीका हुन् कि राज्यका, हरेक जिम्मेवारी प्रतिस्पर्धामा विजय हासिल गरेरै प्राप्त गरेको हुँ । महाधिवेशनबाट विचार, संगठन संरचना र नेतृत्त्व खुला प्रतिस्पर्धाका आधारमा चयन गर्न तपाइँ तयार हो ? म त तयारै छु ।' ओलीको प्रतिवेदनको जवाफ दाहालबाट आउन बाँकी नै छ । यसैबेला पूर्वमाओवादी नेता पुनले ओलीको भनाइमा काउन्टर दिएका छन् ।

सत्तारुद दल नेकपाको आन्तरिक विवाद सतहमा आएपछि नेताहरूबीच कटाक्ष र आरोपप्रत्यारोप चल्न थालेको छ । नेकपामा अध्यक्षद्वयबीच 'पत्र युद्ध' चलिरहेको बेला मन्त्री पुनले पार्टी हाँक्ने जिम्मा युवालाई दिन आग्रह गरेका छन् । उनले भने, 'यदि दुवै अध्यक्षले सहमतिमा यो कुराको निर्णय गरे युवाले पार्टी मात्र होइन, सरकार नै हाँक्नेछ ।'

मन्त्री पुन सोमबार रोल्पा नगरपालिका-३ लाँकुरीमा ३३/११ केभी सबस्टेसनको उद्घाटन गर्न पुगेका थिए । उक्त कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री पुनले अध्यक्षद्वयले युवालाई पार्टी हाँक्न जिम्मा दिए उनीहहरूलाई अभिभावकको रूपमा सम्मानित स्थान दिएर राख्नेसमेत बताए ।

नेकपा अध्यक्ष तथा प्रधानमन्त्री ओलीले आफ्नो प्रतिवेदनमा अब पार्टीको नेतृत्त्व युवालाई हस्तान्तरण गर्ने प्रस्ताव ल्याएका छन् । तर, त्यसबारे पार्टीमा विमर्श हुनै बाँकी छ । तर, नेता पुनले गृहजिल्ला रोल्पाबाट ओलीलाई मात्र नभएर दुवै अध्यक्षलाई पार्टी हाँक्न असफल भएको संकेत गर्दै यस्तो अभिव्यक्ति दिएका हुन् । मन्त्री पुनले नेतृत्त्व युवालाई हस्तान्तरण गर्ने कुरा आवेग र उत्तेजनामा घोषणा गर्ने विषय नभएको पनि बताए ।

हाल नेकपाभित्रको पछिल्लो बहसले सिंगो देशको राजनीति नै प्रभावित भएको जस्तो देखिएको भन्दै उनले यसबाट पार्टी एकता कमजोर नहुने दाबी गरे । यसले एकतालाई झन् बलियो बनाउने उनको विश्वास छ । नेता पुनले भने, 'नेताहरूको बीचमा कहिले उच्च प्रवाह हुन्छ, कहिले न्यून प्रवाह हुन्छ । अहिले अलि उच्च प्रवाहजस्तो देखिएको छ ।' छलफल, संघर्ष र एकता रूपान्तरण भनेको कम्युनिस्ट पार्टीभित्रको एउटा प्रक्रिया भएको उनको भनाइ छ ।

तर, नेकपाभित्र देखिएको पछिल्लो विवादले पार्टी एकीकरणमै धक्का पर्ने सम्भावना बढ्दै गएको छ । दुई अध्यक्षबीच अहिले शत्रुगत व्यवहार गर्दै आएका छन् । एकआपसमा आरोपप्रत्यारोप बढ्दै गएको छ । नेकपाभित्र दुई गुट छर्लंगै देखिएको छ । जसका कारण नेकपा फुटको संघारमा पुगेको विश्लेषणसमेत गर्न थालिएको छ ।

कार्यकारी अध्यक्ष दाहालले गत २५ कात्तिकमा राजनीतिक प्रस्ताव पेस गरेसँगै नेकपाको विवाद सतहमा आएको हो । दाहालको राजनीतिक प्रस्तावलाई ओलीले स्विकारेका छैनन् । उनले दाहालको उक्त प्रस्तावलाई ' आरोप' पत्र भन्दै फिर्ता गर्न आग्रह गरेका छन् । ओलीले आफ्नो प्रतिवेदनमा भनेका छन्, 'तपाइँको 'प्रस्ताव' वस्तुतः कुनै राजनीतिक प्रस्ताव होइन, आफ्नै सहयोद्धा अध्यक्षमाथि लगाइएको 'अभियोगपत्र' हो र यसलाई अगाडि सारेर तपाईंले वस्तुतः पार्टी विभाजनको अनौपचारिक घोषणा गर्नुभएको छ ।'

## जाग्दै राजावादीहरू



■ प्रभाव संवाददाता

**काठमाडौं–** सत्तारुद दल नेकपा आन्तरिक विवादमा रुमालिरहेको बेला राजावादीहरू देशभर जाग्न थालेका छन् । बुटवल र पोखरामा बृहत्त प्रर्दशनपछि सोमबार काठमाडौंको माइतीघर मण्डलमा वर्तमान व्यवस्थाविरुद्ध प्रदर्शन भएको छ ।

राष्ट्रिय शक्ति नेपालको ब्यानरमा राष्ट्रिय झण्डासहित उपस्थित भएकाहरूको समूहले गणतन्त्र र संघीय शासन र धर्मनिरपेक्षता व्यवस्थाविरुद्ध प्रदर्शन गरेका थिए । राजतन्त्र र हिन्दु राज्य पुर्नस्थापना तथा संघीयता खारेजी माग गर्दै प्रदर्शनमा उत्रिएका उनीहरूले विभिन्न स्थानबाट जुलुस निकालेर माइतीघरमा प्रदर्शन गरेका थिए । प्रदर्शनमा उत्रिएका उनीहरूले ' हाम्रो राजा हाम्रो देश प्राणभन्दा प्यारो छ'लगायतका नारा घन्काएका थिए ।

बबरमहल, सिंहदरबार, थापाथलीसहितका स्थानमा गरिएको कडा सुरक्षाका बावजुद पनि उनीहरू माइतीघरमा जम्मा भएर प्रदर्शन गरेका थिए । प्रदर्शनमा कांग्रेसभित्र हिन्दुराष्ट्र पक्षधरसँग नजिक रहेका नेपाल विद्यार्थी संघको संस्थापक अध्यक्ष विपीन कोइराला समेत सहभागी थिए ।

केही दिन यतादेखि देशका विभिन्न सहरमा 'राजा आउ देश बचाऔं' नारा घन्किन थालेको छ । सरकारका बागडोर सम्हालेको नेकपामा भने घरभित्रैको झगडामा व्यस्त छ । राजावादीहरूले आगामी २० मंसिरमा बृहत् प्रदर्शन तयारीस्वरूप सोमबार प्रदर्शन गरेका हुन् । पछिल्लो समय देशका प्रमुख सहरमा वर्तमान व्यवस्था विरोधीको सडक उपस्थिति देख्न सकिन्छ ।

यसअघि काठमाडौंको जमल, मोरङको विराटनगर, बर्दिया, कैलालीको धनगढी, धनुषाको जनकपुर र कास्कीको पोखरामा, बाँकेको नेपालगञ्ज, मकवानपुरको हेटौंडा र रूपन्देहीको बुटवलमा ठूलो संख्यामा प्रदर्शन भएको थियो । सामाजिक सञ्जालमा समेत वर्तमान सरकारविरुद्ध आवाज उठिरहेको छ ।




# नेपाल-भारतबीच संवाद पूर्वस्थितिमै फर्केको छ : डा भट्टराई

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्रीका परराष्ट्र मामिला सल्लाहकार डा. राजन भट्टराईले नेपाल-भारतबीच संवाद पूर्वस्थितिमै फर्केको बताएका छन् । काठमाडौं आयोजित साक्षात्कारमा उनले भने, 'भारतसँगको सम्बन्ध र संवादको स्थिति ट्रयाकमा फर्केको छ ।'

उनले दुवै देशबीच माथिल्लो तहमा एकीकृतरुपमा छलफल गर्न परराष्ट्र मन्त्रीस्तरको संयुक्त समितिको आगामी डिसेम्बरमा हुने बैठकपछि एउटा 'कोर्स' लिने बताए ।

कालापानीको विषयपछि नेपाल-भारतबीचको सम्बन्धमा चिसोपना आएको हो कि भन्ने आशंकालाई दुवै देशका प्रधानमन्त्रीबीच १५ अगस्तमा भएको टेलिफोन संवाद र पछिल्ला तीन तहका भ्रमणले सम्बन्ध सुधारमा महत्वपूर्ण योगदान गरेको उनको भनाइ छ ।

लिम्पियाधुरा, लिपुलेक र कालापानी ऐतिहासिक तथ्य र प्रमाणका आधारमा भारतको हो भन्ने पुष्टि गर्दैन भन्दै उनले भने, 'विदेश सचिवको भ्रमणले त्योभन्दा माथिल्लो तहको छलफल र भ्रमणका लागि बाटो खुलेको छ ।'

चीनसँग केही समय पहिले ऐतिहासिक र दुरगामी महत्वका यातायात र पारवहन सन्धि भएको उल्लेख गर्दै उनले सीमानाका र



बाटालाई व्यवस्थित गर्दै सम्बन्ध विस्तार गरी अघि बढाउनपर्ने आवश्यकता औंल्याए । छिमेकीले गरिरहेको आर्थिक समृद्धि र विकासबाट फाइदा लिंदै विकास र संरचनामा सहभागी भएर कतैपनि नढल्किएर नेपालको विकासलाई अघि बढ्नुपर्छ भन्ने सरकारको नीति रहेको भट्टराईले स्पष्ट पारे ।

'विशेषगरी सैन्य र राजनीतिक किसिमको संलग्नता कुनैपनि मुलुकसँग कतै पनि हुन सक्दैन, हामी तटस्त र असंलग्न हौं' उनले भने, 'भूराजनीतिक स्थिति नै त्यस्तो छ, हामी यता र उता ढल्कने अवस्था छैन । छिमेकीसँग राम्रो र विश्वासको सम्बन्ध बनाएर जनता र राष्ट्रको हितमा सहकार्य र संवाद गर्न चाहन्छौं ।'

अर्को प्रशंगमा डा भट्टराईले पार्टीभित्र देखिएको विवाद सचिवालय, स्थायी समिति, केन्द्रीय कमिटी हुँदै महाधिवेशनबाट छिनोफानो हुने बताए । उनले भने, 'कमिटीगत हिसाबबाट अहिलेको निकास खोज्नुपर्छ, दायाँबायाँ लाग्ने भनेको विग्रहको बाटो हो, विग्रहको बाटोमा जाने छुट पार्टीका कुनै नेता र कार्यकर्तालाई छैन । पार्टी अध्यक्ष प्रचण्डले प्रस्ताव फिर्ता लिनुपर्छ । त्यो नै समस्या समाधानको उपाय हो ।'

कार्यक्रममा नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री भीमसेनदास प्रधानले कालापानीका विषयमा प्रधानमन्त्रीले संसद्मा दिएको अभिव्यक्तिले नेपालीको गौरव बढाएतापनि कुटनीतिमा कमजोरी भएकाले नेपाल-भारत सम्बन्धमा चिसोपन आएको आरोप लगाए । उनले भने, 'चीन र भारतबीच नेपाल 'नेचुरल बोडर'का रुपमा रहेको छ, दुवै देशलाई विश्वासमा लिएर अघि बढ्ने नीतिले मात्र हाम्रो हित गर्छ ।' इतिहासको एउटा पात्रका रुपमा मात्र रहेको राजसंस्था पुर्नस्थापना हुने कुनै सम्भावना नरहेको बताउँदै उनले भने, 'धमिलो पानीमा माछा मार्न खोज्नुको साटो कसैलाई इच्छा लाग्छ भने पार्टी खोलेर सडकमा आए हुन्छ ।'

नागरिक समाजका डा. सुन्दरमणि दीक्षितले छिमेकी दुवै मुलुकलाई नजिक र टाढाको दृष्टिले नहेरी समान व्यवहार गर्नुपर्ने बताए । उनले भने, 'नेकपाभित्र देखिएको झगडाले नेपाली जनताको मन कुँडिएको छ, दुवै अध्यक्षको प्रतिवेदनमा एक अर्काप्रति आरोपप्रत्यारोप गर्नुबाहेक जनता र राष्ट्रको हितमा कुनै ठोस कुरा बोलिएको देखिन्न ।'

# पशुपतिनाथ मन्दिर खुला गरिँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** झण्डै नौ महिनापछि पशुपतिनाथ मन्दिर आगामी १ पुसदेखि भक्तजनका लागि खुला गरिने भएको छ । गत चैतदेखि बन्द रहेको मन्दिर भौतिक दूरी कायम गरी स्वास्थ्य सुरक्षाका विधि अपनाएर १ पुसदेखि खोल्ने निर्णय गरिएको पशुपति क्षेत्र विकास कोषले जनाएको हो ।

मन्दिर छिर्न चाहने भक्तजनले १ पुसदेखि नियमसम्बन्धी मापदण्डसमेत कोषले तयार पारेको सदस्यसचिव डा. प्रदीप ढकालले जनाए । उनका अनुसार भक्तजनलाई एउटा ढोकाबाट प्रवेश गराई अर्कोबाट निकाल्ने गरी व्यवस्था मिलाइने छ ।

विश्वभर फैलिएका वैदिक सनातन हिन्दू धर्मावलम्बीले ज्योतिर्लिङको अर्थात् महाज्योतिर्लिङका रुपमा आस्था राख्ने मन्दिर नौ महिनादेखि बन्द रहँदा भक्तजनले मन्दिरमा दर्शन गर्न पाएका थिएनन् । सार्वजनिक यातायातलगायत अन्य क्षेत्र खुला हुँदासमेत पशुपतिनाथ मन्दिर खुला नहुँदा विश्व हिन्दू महासंघलगायतका संघसंस्थाले विरोध जनाएका थिए ।

कोरोना भाइरसको संक्रमण बढ्न थालेपछि ११ चैतमा सरकारले बन्दाबन्दीको निर्णय गरेसँगै पशुपतिनाथ मन्दिर भक्तजनका लागि पूर्णरुपमा बन्द गरिएको थियो । यस वर्ष साउनको सोमबारसमेत पशुपतिनाथ मन्दिरमा दर्शन गर्न नपाइएको भन्दै भक्तजनले गुनासो गर्ने गरेका थिए । साउनको सोमबार भक्तजनले पशुपति क्षेत्र परिक्रमा गरेर आस्था प्रकट गरेका थिए । इतिहासमै यति लामो अवधि पशुपतिनाथ मन्दिर भक्तजनका लागि बन्द गरिएको वंशावलीलगायत कतै पनि उल्लेख नगरिएको कोषका पूर्व सदस्यसचिव डा गोविन्द टण्डनले बताए ।

# कोरोना संक्रमण : ३७५ जना आइसियूमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालमा हाल कोरोना संक्रमित ३७५ जना आइसीयू र ५८ जनाको भेन्टिलेटरमा उपचार भइरहेको छ । सोमबारमात्रै थप १४ सय ७४ जनामा कोरोना संक्रमण देखिएको छ भने २९ जनाको मृत्यु भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार हालसम्म कोरोनाबाट १५ सय ८ जनाले ज्यान गुमाइसकेका छन् ।

आइसीयूमा उपचार गराइरहेकामध्ये सबैभन्दा बढी १५९ जना बागमती प्रदेशका छन् । त्यसपछि गण्डकी प्रदेशमा ९४ जनाको आइसीयुमा उपचार भइरहेको मन्त्रालयले जनाएको छ ।

यस्तै लुम्बिनी प्रदेशमा ७२ जना, प्रदेश १ मा ३२ जना, कर्णाली प्रदेशमा ९ जना, सुदूरपश्चिम प्रदेशमा ५ जना र प्रदेश २ मा ४ जनाको उपचार भइरहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।




यस्तै भेन्टिलेटरमा उपचार गराइरहेकामध्ये बागमती प्रदेशका बढी छन् । ३५ जना बागमती प्रदेशका, गण्डकीका ११ जना, प्रदेश १ का ६ जना, लुम्बिनी प्रदेशका ३ जना, प्रदेश २ मा १ जना र सुदूरपश्चिम प्रदेशका २ जना कोरोनाका बिरामीको भेन्टिलेटरमा उपचार भइरहेको छ । कर्णाली प्रदेशमा भने भेन्टिलेटरमा कोरोनाका बिरामी छैनन् ।

सोमबार थप १४ सय ७४ जना कोरोना संक्रमित थपिएसँगै संख्या २ लाख ३३ हजार ४५२ पुगेको छ । मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा १९ सय ३१ जना डिस्चार्ज भएका छन् । योसहित निको हुनेको संख्या हालसम्म २ लाख १४ हजार ५२१ पुगेको छ ।

# महामारीमा अपांगता भएका व्यक्ति उपेक्षित

■ प्रभाव संवाददाता

**काठमाडौं –** राष्ट्रिय अपांग महासंघ नेपालले कोभिड-१९ का विषम स्थितिमा स्वास्थ्य, शिक्षा र जीवनयापनलगायत विषयमा अपांगता भएका व्यक्ति उपेक्षित भएको जनाएको छ ।

'अपांगता भएका व्यक्तिको २९औं अन्तर्राष्ट्रिय दिवस'का पूर्वसन्ध्यामा सोमबार आयोजित छलफल कार्यक्रममा महासंघका अध्यक्ष मित्रलाल शर्माले अन्य समयमा पनि आफूहरुका सवालमा राज्य र समाज गम्भीर नभएको आरोप लगाउँदै महामारीका समयमा यस क्षेत्रका व्यक्ति थप समस्यामा परेको बताए ।

अपांगता भएका व्यक्तिलाई पछाडि पारेर समावेशीकरणको विषय पूर्ण नहुने जनाउँदै उनले आवाजविहीनको आवाज उठाइदिन सञ्चारकर्मीसँग आग्रह गरेका छन् । यही १८ मंसिरमा उक्त दिवसको नारा 'कोभिड-१९ पछिको उत्कृष्ट पुनरागमनको सुनिश्चितता : अपांगता भएका व्यक्तिहरुको पहुँच र दिगो विकासका लागि हामी सबैको प्रतिबद्धता' तय गरिएको छ ।

महामारी रोकथामका लागि गरिएको बन्दाबन्दीका समयमा महासंघले गरेको अध्ययनमा ४१ दशमलव २२ प्रतिशत अपांगता भएका व्यक्तिलाई कोरोना संक्रमणबारे सामान्य जानकारी रहेको र ६ प्रतिशतमा कुनै जानकारी नभएको पाइएको महासंघका व्यवस्थापक मनिष प्रसाईंले बताए । उनले पछिल्लो समयमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अपांगताका विषयमा सचेत हुँदै अघि बढ्न थालेको जनाए ।

## आजको राशिफल

**एस्ट्रो राधे, गौरीघाट, काठमाडौं**
**(सम्पर्क– ९८४९२६८९८२)**

२०७७ मंसिर १६ गते मंगलबार
मार्ग कृष्ण प्रतिपदा तिथि ।
सन् २०२० डिसेम्बर १ तारिख ।

| | |
|---|---|
| **मेष** | मिष्ठान्न भोजन, व्यापारिक प्रगती । |
| **वृष** | शत्रु पराजय, भ्रमण । |
| **मिथुन** | मानसम्मान मिल्ने, सन्तान सुख । |
| **कर्कट** | अनावश्यक चिन्ता, नयाँ साथीभाइ । |
| **सिंह** | आकसमीक लाभ, दाम्पत्य सफल । |
| **कन्या** | नोकरीमा पदोन्नती, पारीवारीक दुख । |
| **तुला** | ज्ञान आर्जन, सन्तान सुख । |
| **वृश्चिक** | सन्चित धन नाश, काममा ढिला सुस्ती । |
| **धनु** | काममा जोशजागर, पठनपाठनमा प्रगती |
| **मकर** | असफल काम बन्ने, झुटो आरोप । |
| **कुम्भ** | अनावश्यक तनाव, प्रेम असफल । |
| **मीन** | पारीवारीक सुख, सन्तान प्राप्ती । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

मंसिर १६ गते, २०७७, १ डिसेम्बर २०२०)

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# प्रधानमन्त्री धर्मपत्नीद्वारा रुद्रायणी मन्दिरको अवलोकन

■ प्रभाव संवाददाता

**खोकना**–प्रधानमन्त्री केपी ओलीकी धर्मपत्नी राधिका शाक्य र शहरी विकासमन्त्री कृष्णगोपाल श्रेष्ठले एतिहासिक नगरी खोकनाको रुद्रायणी मन्दीरको अवलोकन गरेका छन् ।

विसं २०७२ सालको शक्तिशाली भुकम्पले क्षतिग्रस्त सो मन्दीर अवस्थाबारे जानकारी लिन र खोकनाको महत्वपुर्ण चाड पुनिर्णमा नाच अवलोकन गर्न प्रम पत्नी शाक्य र मन्त्री श्रेष्ठ खोकना पुगेका थिए । सो अवसरमा प्रम पत्नी शाक्यले रुद्रायणी मन्दीर पुननिर्माण गर्ने विषयमा सरकारले तत्काल कदम चाल्नुपर्ने बताईन् । उनले मन्दीरको अवस्था हेर्दा राम्रो देखिएको छ तर भुकम्पले गर्दा भित्रभित्रै भत्किना थालेको बताईन् । मन्त्री श्रेष्ठले पुरातात्विक र एतिहासिक कला संस्कृतिको नगरी खोकनाको मुख्य मन्दीरको तत्काल जिर्णोद्धार गर्न जरुरी रहेको बताए ।

'रुद्रायणी मन्दीर र खोकनाको अवस्थाबारे प्रधानन्त्रीले गम्भीर चासो राखेपछि उनको धर्मपत्नी र म यस एतिहासिक नगर अवलोकन गर्न आएका हौं' मन्दीर परिसर र खोकनाको पुर्णिमा नाच अवलोकन गरेपछि मन्त्री श्रेष्ठले भने । उनले भुकम्पले क्षतिग्रस्त मन्दीर रअन्य सम्पदा पुननिर्माण गर्ने विषयमा सरकारले तत्काल पहल गर्ने बताए । उनले भने, 'रुद्रायणी मन्दीर क्षतिग्रस्त भएको विषय अत्यन्तै चिन्ताजनक छ, सरकारले यहाको सम्पदा पुननिर्माण गर्न सरोकारवाला निकायलाई तत्काल निर्देशन दिनेछौं ।'

अवलोकन गर्न राष्ट्रिय पुननिर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत शुसिल ज्ञवाली, पुरातत्व विभागका महानिर्देशक दामोदर गौतम, संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयका उच्च अधिकारीको उपस्थिति रहेको थियो ।



अवलोकन पछि पुरातत्व विभागका महानिर्देशक गौतमले भुकम्पले क्षतिग्रस्त रुद्रायणीको पुन:निर्माण गर्ने बताए । उनले सातौं सताब्दी देखिको इतिहास बोकेको खोकनाको गुरुयोजना बनाएर सम्पदा संरक्षण गर्नुपर्ने धारणा राखे ।

यो शहरको तेल मिललाई बचाउनुपर्छ, इतिहास चिनाउने निजी र सार्वजनिक भवनलाई परम्परागत सामाग्री प्रयोगगरी निर्माण गरेर संरक्षण गर्नुपर्छ । उनले सिमेन्ट प्रयोग गरेर भवन निर्माण गर्दा सम्पदा क्षेत्रसंरक्षण हुन नसक्ने बताए ।

लगत्तै मन्त्री श्रेष्ठले खोकनाको सम्पदा विकासको लागि सरकारले सक्दो सहयोग गर्ने बचनबद्धता व्यक्त गरे । सतप्रतिशत आदिवासी बस्दै आएका यो क्षेत्रको सांस्कृतिक र पुरातात्विक क्षेत्रलाई विकास गर्न सरकार सम्पुर्ण रूपमा तयार रहेको उनको भनाई थियो । 'रुद्रायणी मन्दीर पुननिर्माण गर्न तत्काल पहल गर्नेछौं' मन्त्री श्रेष्ठको भनाई थियो ।

सो अवसरमा ललितपुर महानगरपालिका-२१ का अध्यक्ष रविन्द्र महर्जनले भुकम्पले क्षतिग्रस्त रुद्रायणी लगायत खोकनाको सम्पदा पुननिर्माण गर्न प्रमपत्नी शाक्य र मन्त्री श्रेष्ठलाई आग्रह गरे ।

प्रमपत्नी शाक्य र मन्त्री श्रेष्ठले देवता खलकको नाच अवलोकन गरेका थिए । रुद्रायणी लगायतका सम्पदाको अवस्थाबारे अवलोकन गर्न र पुर्निमा नाच अवलोकन गर्न नेकपा पार्टी नेता एवं पुर्व सांसद शुसिला नेपाल नेकपा जिल्ला अध्यक्ष हरीकृष्ण महर्जन, सचिव एवं प्रदेश सांसद राजकाजी महर्जन, प्रदेश सांसद जीवन खड्का, ज्ञानेन्द्र शाक्य,पार्टी प्रचार प्रमुख स्वयंम्भुराज डंगोल वडासदस्य लगायतका उपस्थिति थियो ।

# अस्पताल शिलान्याससँगै विवाद

■ उद्धब बिश्वकर्मा

**दोलखा**– दोलखाका ६ वटा स्थानीय तहमा ५ देखि १५ शैयासम्मको ६ वटा अस्पतालको शिलान्यास गरिएको छ ।

संघीय सरकारले अस्पताल स्थापनाका लागि स्थानीय तहमा रकम पठाएपछि दोलखाको ६ वटा स्थानीय तहमा ५ देखि १५ शैयासम्मको ६वटा अस्पताल शिलान्यास गरिएको हो ।

जिल्लाको बैत्यश्वर, भीमेश्वर, मेलुङ, तामाकोशी, गौरीशंकर र शैलुङ गरी ७ ओटा अस्पताल शिलान्यास हुनु पर्नेमा गौरीशंकर गाउँपालिकामा स्थान विवादको कारण ५ शैयाको अस्पताल शिलान्यास हुन सकेन । कालिञ्चोक गाउँपालिकाको सिंगटीस्थित सिंगटी प्राथमिक स्वास्थ्य केन्द्रलाई भने १५ शैया क्षमतामा स्तरोन्नति गरिएको छ ।

बैत्यश्वर गाउँपालिकाको मैनापोखरीमा, भीमेश्वर नगरपालिकाको चरिकोटमा, तामाकोशी गाउँपालिकाको मालुमा, गौरीशंकर गाउँपालिकाको सुरीमा, मेलुङ गाउँपालिकाको भेड्पुमा र शैलुङ गाउँपालिकाको बागखोरमा अस्पताल शिलान्यास गरिएको स्वास्थ्य कार्यालय दोलखाका प्रमुख विभुकुमार झाले जानकारी दिए ।

गौरीशंकर गाउँपालिका-५, सुरीको इविथानमा १५ शैयाको अस्पताल जबरजस्ती शिलान्यास गरिएको गौरीशंकर गाउँपालिकाका स्थानीय बिमल आचार्यले जानकारी दिए । अर्को ५ शैयाको अस्पताल कहाँ सञ्चालन गर्ने भन्ने विवादले शिलान्यास हुन नसकेको जिल्ला स्वास्थ्य कार्यालय दोलखाले जनाएको छ ।

नेपाली कांग्रेस गौरीशंकर गाउँपालिकाले मानव बस्ती नै नभएको स्थान तथा अन्य वडाहरूलाई दुर्गम पार्ने गरी अस्पताल सुरु गरेको भन्दै विज्ञप्तीमार्फत विरोध जनाएको छ भने विभिन्न वडाध्यक्षहरूले समेत सामाजिक सञ्जालमार्फत अस्पतालको स्थानको बारेमा विरोध जनाएका छन् । भीमेश्वर, बैत्यश्वर र गौरीशंकरमा १५ शैयाको, तामाकोशीमा १० र मेलुङ तथा शैलुङमा ५ शैयाको अस्पताल शिलान्यास गरिएको प्रमुख झाले बताए । संघीय सरकारले १५ शैयाको लागि १ करोड, १० शैयाको लागि ८५ लाख र ५ शैयाको अस्पतालको लागि ७० लाखको दरले बजेट पठाएको स्वास्थ्य कार्यालय प्रम्ख झाले बताए । ३ गाउँपालिकाको केन्द्र सिंगटीमा स्तरोन्नती गरिएको अस्पतालले नागरिकको आधारभूत स्वास्थ्य सेवामा पहुँच बढ्दै जाने कालिञ्चोक गाउँपालिकाकी उपाध्यक्ष कालिका पाठकले बताइन् ।


## URBAN HEALTH CENTER

**Chau.Na.pa. Ward 2, Madibaas, Udayapur**

**Province no. 1, Nepal**

### Invitation For Sealed Quotation

**Date of publication: 2077/08/16**

Urban health Center, Madibaas invites sealed quotation from registered suppliers for the works as decribed below:

| S.N | Project Name | Contract Identification No. | Estimated Amount Inc. all taxes NRs. | Bid security/ Bank deposit NRs. | Last date and time of purchase | Last date and time of submission | Bid opening date and time |
|---|---|---|---|---|---|---|---|
| 1. | Supply and delivery of 1 nos of ambulance in urban health centre | 01/077/078 | 11,67,000 | 29,000 with validity of 75 days from bid opening | 2077/08/30 4:00 pm | 2077/09/01 12:00 pm | 2077/09/01 2:00 pm |

Dharauti Account: Rastriya banijya bank, beltar branch, udayapur A/C No. ***2370100000525001.*** Bid Document Fee: **Nrs. 1000**.

*Eligible Bidders may obtain further information, **technical specification** and inspect the Bidding Documents at the office of Urban health center, madibaas, udayapur. **phone no. 9852844065 /9811764443.***

**Urban Health Center**


# पोखरामा भेन्टिलेटर बैंक

**पोखरा**–पोखरामा गम्भीर प्रकृतिका बिरामीको उपचार गर्न भेन्टिलेटर बैंक स्थापना अभियान थालिएको छ । हालै गठित स्वयंसेवी संस्था नेपाल भेन्टिलेटर सर्भिस कास्कीले पोखरामा एउटा भेन्टिलेटर र तीन वटा हाइफ्लो नोजल क्यानुला (एचएफएनसी) ल्याएको सो संस्थाका अध्यक्ष विश्वशङ्कर पालिखेले जानकारी दिए । पालिखेले गम्भीर प्रकृतिका कुनै पनि बिरामी मर्न नपरोस् भनेर आफुहरूले भेन्टिलेटर जुटाउने अभियानमा लागेको बताए । 'हामीले अहिले १० वटा भेन्टिलेटर तथा क्यानुला उपलब्ध गराउने लक्ष्य छ, हामीले २० वटा भेन्टिलेटर तथा क्यानुला उपलब्ध गराउन सक्ने छौं', पालिखेले भने ।

उनका अनुसार पोखरामा ती साधन 'स्टक' राख्ने र जुन अस्पतालका बिरामीलाई आवश्यक पर्छ न्यूनतम शुल्कमा उपलब्ध गराइनेछ । सोको लागि सरकारीमा दैनिक भेन्टिलेटर प्रयोग गरेवापत एक हजार, सामुदायिकमा दुई हजार र निजी अस्पतालमा प्रयोग गरेवापत तीन हजार रूपैयाँ शुल्क निर्धारण गरिएको छ । त्यसैगरी सरकारी अस्पातालमा दैनिक क्यानुला प्रयोग गरेवापत तीन सय, सामुदायिकमा पाँच सय र निजीमा सात सय रूपैयाँ शुल्क निर्धारण गरिएको छ । त्यसका लागि तालीम प्राप्त स्वास्थ्यकर्मी आवश्यक हुनेभएकाले आगामी शनिबार पोखरामा तालीम गर्न लागिएको सर्भिसका सदस्य रामकृष्ण ज्ञवालीले जानकारी दिए ।

संस्थाको उक्त अभियानको लागि पोखराका विभिन्न संघ संस्था तथा व्यक्तिले आर्थिक सहयोग गर्ने घोषणा गरेका छन्। उक्त अभियानमा पोखराका युवा व्यवसायी सुनिल गोशलीले एक लाख, नेपाल युवा उद्यमी मञ्चले दुई लाख, संस्थाका अध्यक्ष विश्वशङ्कर पालिखेले एक लाख, होटल बाराहीका सञ्चालक विप्लव पौडेलले एक लाख र रोटरी इन्टरनेशनल क्लब ३२९२ का पूर्व डिष्ट्रिक गभर्नर किरणलाल श्रेष्ठले क्लबबाट एक लाख दिने घोषणा गरेका छन् ।

डा सरोज पोखेलले हाईफ्लो नोजल क्यानुलाको प्रयोगले भेन्टिलेटरमा लैजान नपर्ने अवस्थामा यसको प्रयोग निकै प्रभावकारी हुने भएकोले भेन्टिलेटर भन्दा पहिला यसको प्रयोग गर्दा कोरोनाका गम्भीर प्रकारका बिरामीलाई लाभ हुने बताए । रोटरीका गभर्नर किरणलाल श्रेष्ठले क्लबको पहलमा भेन्टिलेटरसहितको अन्य सामान खरिदमा ५० प्रतिशत छुट गराउने प्रतिबद्धता व्यक्त गरे । 'प्रोटेवल भेन्टिलेटर' ६ लाखमा भित्र्याउन सकिने र मा गरेको दुई महिनासम्ममा भेन्टिलेटर पोखरामा ल्याउन सकिने उनको भनाइ थियो । रासस

## पोर्चुगल पठाइदिन्छु भन्दै ठग्ने पक्राउ

**काठमाडौं(प्रस)**- वैदेशिक रोजगारको लागि पोर्चुगल पठाईदिन्छु भनि नगद १६ लाख २५ हजार २ सय ५० रूपैयाँ ठगी गरेको अभियोगमा रूपन्देही ओमसतिया गाउँपालिका-६ घर भई काठमाडौं महानगरपालिका-१६ सोह्रखुट्टे बस्ने ३३ वर्षीय शिव नारायण चौधरीलाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

शिव नारायणले रूपन्देही जिल्लाका २ जना व्यक्तिहरूबाट उक्त रकम बैंक खातामा जम्मा गर्न लगाई अफर लेटर, भिषा लगायतका कागजातहरू नक्कली बनाई ठगी गरेको भन्ने पीडितहरूको उजुरीको आधारमा महानगरीय अपराध महाशाखाबाट खटिएको प्रहरीले उनलाई काठमाडौं सुन्धाराबाट पक्राउ गरेको हो ।


## Chhipaharmai Rural Municipal

**Office Of Rural Municipal Executive**

**Bhiswa, Parsa**

### Invitation to Bids (IFB) No: 01-CHRMO/PAR/Bridge

***First Date of publication:* 2077/08/16 (01st Dec.2020)**

1. The Province Government, Province 2 has allocated funds towards the cost of, **Construction of Motorable Bridges** and intends to apply part of the funds to cover eligible payments under the **following contracts.** Bidding is open to all eligible bidders as per Section V of bidding document.
2. Chhipaharmai Rural Municipal Executive Office,Bhiswa, Parsa invites Open Competitive Bidding ( Single Stage Two Envelope Tender) from eligible bidders for the following Bridges as mentioned below under National Competitive Bidding Procedures:

| Contract ID | Name of Project | Cost Of Bid Document (NRs.) | Time for Completion from date of Work order | Bid Validity Period/Bid Security validity Period | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 14/CRMO/PAR/ NCB/ BRIDGE-77/078 | Construction of Oriya Khola Bridge along Jaymangalapur-Tulshibarwa-Road | 5,000.00 | 24 months | 90 days/120days From last date of Bid Submission. | 13,50,000.00 |

3. Information to deposit the cost of bidding document and Bid Security in the Bank:

| Office Name | Chhipaharmai Rural Municipal Executive Office,Bhiswa-Parsa | Pre-Bid Meeting | Last Date of Purchasing | Last Date of Submission | Opening |
|---|---|---|---|---|---|
| Name of Bank | Nic Asia Bank,Bhiswa Branch, Parsa | Chhipaharmai Rural Municiap Executive Office, Bhiswa, Parsa, 14th hours on 2077/08/30 (15th Dec 2020). | Office hours on 2077/09/15 (30th Dec 2020). | 12 hours on 2077/09/16 (31 Dec 2020). | 13 hours 2077/09/ 16 (31 Dec 2020) |
| AntarikRajaswa Khata No. | L6CA000187452406 | | | | |
| DharautiKhata No. | L6CA000187452404 | | | | |

4. Eligible Bidders can only bid electronically through e-procurement section of PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Any conditions so far not covered shall be as per Public Procurement Act 2063(Amendent-2073),and Public Procurement Regulation 2064( 10th Amendment 2076 ).Any Amendments in Tender Notice Shall be Published in e-procurement section.
6. Bank Guarantee shall be in the formate specified in the bid document otherwise rejected.
7. Chhipaharmai Rural Municipal Executive Office, Bhiswa, Parsa reserves the right to reject or accept or cancel any bid partially or in full without assigning any reason.

**Chhipaharmai Rural Municipal Executive Office**
**Bhiswa, Parsa**



**Province Government**
**Ministry of Social Development**
**Tuberculosis Treatment Centre**
**Gandaki Province**
**Pokhara,Nepal**

### NOTICE OF INTENT OF ACCEPTANCE

**(Date of Publication 2077-08-11 (26th, November 2020))**

For the provision on sub clauses 27.2 and 27.3 of public Procurement Act 2063, this is notify to all Bidders who submitted their bids for the contracts as per the Notice publish on 2077/07/26 (11th Nov., 2020) in Prabhab daily Newspaper, that the following mentioned Lowest evaluated substantially responsive bidder is intended to award the Contract.

| Name of Project | Contract no | Lowest evaluated substantially responsive bidder | Bid Amount (Excluding VAT and PS) |
|---|---|---|---|
| Water Tank and PCR Truss Construction Work of Tuberculosis Hospital | TTC/W/B/ 01/077-78 | M/S Gandaki Construction Pokhara-17 | 7,07,063.46 |

**Acting Director**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# अपराध न्यूनीकरणमा ध्यान देऊ

पछिल्लो समय अपराधको ग्राफ बढिरहेको देखिन्छ । दैनिकजसो अपराधका समाचारले आमसञ्चार माध्यम भरिएको छ । यत्रि मात्र होइन, हरेक प्रहरी कार्यालयको हिरासत कक्ष आरोपीहरूले भरिएको देखिन्छ । राज्यको ठूलो स्रोत साधन अभियुक्तहरूको ओसारपसारमा खर्च भइरहेको छ । प्रहरीको धेरैभन्दा धेरै शक्तिहरू तिनै अभियुक्तहरूको छानबिन र मुद्दा मामिलामा व्यस्त रहेका छन् । यो अत्यन्तै दुःखको कुरा भयो । प्रहरीको सबैभन्दा ठूलो जनशक्ति नै तिनै अभियुक्तको अगाडिपछाडि गर्दा समय गइरहेको छ । अपराधका घटनाहरूको संख्या दिनका दिन बढिरहेको छ । अपराधमा संलग्नहरूलाई राज्यले अत्यन्तै कठोर सजायको व्यवस्था गर्दा पनि अपराध नघट्नुको कारणको खोजी भएको छैन । मुलुकमा अपराधको घटना बढ्दा समाजमा अमनचयन हुन सकेको छैन ।

मुलुकमा कारागारको संख्या थपिरहँदा पनि पर्याप्त हुन सकेको छैन । अपराधको संख्या बढ्दै गर्दा सरकारले अब यसको कारण पत्ता लगाउनु पर्छ । कारागार बनाएर अपराधीहरूलाई बन्दी बनाएर मात्र नहुने भएको छ । यदि अपराधी थुनेर मात्र अपराध घट्ने होभने यत्तिका अपराधीहरू अहिले कारागारमा छन् तर अपराधको संख्या घटेको छैन बरु अरु बढेर गएको छ । यत्ति मात्र होइन, अहिले अपराधका प्रकारहरू एकाएक बढ्न थाल्नु राज्यका लागि सबैभन्दा ठूलो चिन्ताको विषय बनेको छ । अपराध बढ्नु प्रहरीका लागि चिन्ताको विषय बन्नुपर्थ्यो तर त्यसो भएन । बरु अपराधको संख्या बढाउने काम प्रहरीबाट नै भइरहेको छ । प्रहरीले अब अपराध बढ्न नदिनका लागि अभियान नै चलाउनुपर्छ । अपराध गर्दा हुने परिणामका बारेमा सर्वसाधारणमा पुऱ्याउन सक्ने हो भने अपराधका घटना घट्न सक्ने देखिन्छ ।

अपराधीलाई सजाय दिएर मात्र अपराध घट्दैन, बरु अपराधको संख्यामा कमी आउनका लागि अब जनचेतनाका कार्यक्रम अघि सार्नुपर्छ । अपराधको संख्यामा कमी ल्याउनका लागि अब सरकारी तवरबाट जनचेतना जगाउने काम गर्नुपर्छ । अपराधमा संलग्नहरूलाई कारबाही गरेर मात्र समाजमा अपराधको संख्या घट्दैन बरु अपराध गर्दा पाइने सजायका कारण समाजबाट विस्थापित हुने डर देखाउनुपर्छ । गलत काम गर्दा समाजमा बेइज्जत भइन्छ भनेर डर देखाइयो भने यसबाट अपराधको संख्यामा कमी आउन सक्छ । एकपटक नाम बिग्रेपछि फेरि नाम कमाउन गाह्रो हुन्छ भनेर डर देखाउने हो भने अपराधमा संलग्न हुन जोसुकै पनि डराउँछ । मानिसलाई अपराध र यसबाट हुने सजायका बारेमा मात्र बताउने हो भने अपराध गर्नबाट डराउन थाल्छ । अपराध भइसकेपछि सजाय दिनुभन्दा यसअघि यसलाई न्यूनीकरण गर्न सक्यो भने यसबाट राज्यमाथि आर्थिक भार पर्दैन । अपराधमा संलग्नलाई सजाय दिनु राम्रो होला तर उनलाई सजाय दिँदा पनि राज्यले आर्थिक भार थेग्नुपर्छ । जस्तै उनलाई बन्दी बनाउँदा उनको गाँस, बास र कपासको व्यवस्था राज्य कोषबाट भरण गर्दा राज्यलाई नै भार पर्ने हुनाले अपराध रोक्नका लागि जनचेतना फैलाउनु आवश्यक देखिन्छ ।

# सरकारको प्राथमिकतामा नपरेको कृषि क्षेत्र



रोहित पौडेल

नेपाल यस्तो कृषि प्रधान देश हो, जहाँ किसानले समयमा मल र बिउ पाउन सक्दैनन् । समाजवाद उन्मुख सरकारले मल किन्न पुँजीपतिलाई ठेक्का दिने र ती पुँजीपति र बिचौलिया असफल हुँदा देशको कुल गार्हस्थ उत्पादनको करिब २७५ हिस्सा ओगट्ने अनुमान गरिएको कृषि क्षेत्र प्रभावित हुनु नियति नै बनिसकेको छ ।

मल र बिउ किसानलाई उपलब्ध गराउन नसके पनि कृषि मन्त्रालयले यो वर्ष धान उत्पादन उत्साहजनक रहेको बताएको छ । अगिल्लो वर्षभन्दा यो वर्ष धान उत्पादन करिब ५० हजार मेट्रिक टन बढी हुने र कुल ५७ लाख मेट्रिक टन पुग्ने सरकारको दाबी छ । यो दाबी कति सत्य हो ?

नेपालको अर्थतन्त्रमा कोरोना भाइरसको संक्रमण र यसबाट सिर्जित समस्याको प्रभावलाई मूल्यांकन गर्न योजना आयोगद्वारा गठित कार्यदलले सार्वजनिक गरेको एक प्रतिवेदनका अनुसार कृषि क्षेत्रमा १९ अर्ब घाटा भएको बताएको थियो । एकातिर सरकारले बनाएको कार्यदलले घाटा अनुमान गर्नेस समाचारहरूले सरकारले मल र विउ समयमा उपलब्ध गराउन नसकेको समाचार लेख्ने यति मात्र होइन सरकार स्वयंले पनि ठेकेदारलाई मल उपलब्ध गराउन नसकेको भनी कारबाही गरेको परिस्थितिमा धानको उत्पादन बढ्नुले सरकारको दाबीमा शंका उत्पन्न गरेको छ । जनताले कृषि क्षेत्रमा भएका जटिलताका बारेमा धेरै प्रश्न उठाएकाले मात्र यस्तो तथ्यांक सार्वजनिक गर्न कृषि मन्त्रालय बाध्य भएको त होइन ? भनेर शंका गर्न सकिने पर्याप्त स्थान छ ।

तर यो सँगै लकडाउनको प्रभावले सहरबाट गाउँ फर्किएका १० लाख नागरिकमध्ये केहिले कृषि क्षेत्रमा उत्साहजनक रूपमा सक्रिय भएका कारणले पनि धानको उत्पादन बढेको हुन सक्छ । धान उत्पादन हुने जमिनमा अघिल्लो वर्ष ९४.४३५ खेतमा मात्र धान रोपिएको थियो भने यो वर्ष ९८.३८५ जमिनमा धानखेती भएको जानकारी मन्त्रालयले उपलब्ध गराएको छ । सरकारले गरेको अनुमान सत्य भए पनि नभए पनि धानको उत्पादन बढ्नु उत्साहजनक विषय हो । यसले नेपालको कुल ग्राहस्थ उत्पादनमा सकारात्मक प्रभाव पार्नेमा दुई मत छैन । तर यो भन्दा अघिल्लो वर्ष किसानले सरकारले तोकेको मूल्य नपाएको गुनासो गरेका छन् । अगिल्लो वर्ष किसानले सरकारले तोकेको भन्दा २५० देखि ३५० सम्म प्रतिक्विन्टल कम मूल्य पाएका थिए । किसानले उत्पादन बढाउने तर सरकारले तोकेको मूल्य पनि नपाउने हो भने जति नै उत्पादन बढे पनि त्यसले कुल ग्राहस्थ उत्पादनमा कुनै सहयोग गर्दैन, किनकि कुल ग्राहस्थ उत्पादनमा गन्ती हुन मूल्यको पनि त्यति नै ठूलो भूमिका हुन्छ । जुम्लामा फलेको स्याउले त्यो बेलासम्म कुल गार्हस्थ उत्पादनमा कुनै भूमिका राख्दैन जुनबेलासम्म त्यसको पैसामा किनबेच हुँदैन । ठिक त्यसैगरि उत्पादन बढेको भनिएको ५० हजार मेट्रिक टनको पनि कुनै महत्त्व हुँदैन, जबसम्म यसको मूल्य किसानले पाउन सक्दैनन् । तसर्थ धान उत्पादन बढ्नु मात्रले सरकार उत्साहित हुनुको कुनै अर्थ छैन । यो त फगत मल र विउ समयमा पुऱ्याउन नसकेको आरोपबाट उम्कन तथ्यांकको गलत प्रयोग मात्र हुनेछ ।

धानको मूल्य बढाउन लाग्नु भन्दा बढी प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा विज्ञहरूको रुचि छ, किनकि यो विश्व बैंकको कार्यक्रम हो । किसानको आवाज त्यो बेला मात्र विज्ञहरूले बोल्छन् जुन बेला विज्ञहरूले त्यो विषयमा बोल्दा, लेख्दा बा प्रतिवेदन बनाउँदा पारिश्रमिक पाउँछन् । यसको ज्वलन्त उदाहरण भनेको कृषि विकास रणनीति, ०७२ हो जुन प्रतिवेदन निर्माण गर्न सरकारले २७ करोडभन्दा बढी रकम खर्चेको छ तर न कार्यान्वयन भएको छ न त त्यसले आम किसानको जीवनमा कुनै रूपान्तरण नै ल्याउन सकेको छ ।

नेपालमा हरेक सरकारले कृषि क्षेत्रका लागि भनेर ल्याएको बजेट हेर्ने हो भने हरेक वर्ष उत्साहजनकजस्तो देखिन्छ । तर कुनै आर्थिक वर्षमा सरकारले कृषि क्षेत्रमा एक रूपैयाँ पनि बजेट नछुट्याउने हो भने जस्तो परिस्थिति हुन्छ, त्यो सम्पूर्ण बजेट खर्च गर्दा पनि त्यो भन्दा फरक परि स्थिति हुने देखिँदैन । सरकारको बजेटको अधिकांश हिस्सा कृषि क्षेत्रमा निर्माण भएका ठूला संरचनाहरू सञ्चालन गर्नमा मात्र खर्च भएको देखिन्छ । हरेक वर्ष सरकारले गर्ने दाबी हेर्दा कृषि क्षेत्रमा प्राकाशित गर्ने तथ्यांक हेर्दा कृषि क्षेत्रमा प्रगति भइरहेकोजस्तो देखिन्छ । तर, छैटौं कृषि गणनाअनुसार सबैभन्दा बढी खेती योग्य जमिन भएका पाँच जिल्लाहरू मोरङ, झापा, सर्लाही, सिराहा, सुनसरी मात्र हेर्ने हो भने उक्त स्थानमा सयौं हेक्टर खेतीयोग्य जमिन प्लटिङ भई हजारौं घरहरू बनिसकेका छन् । यति मात्र होइन, सरकारकै प्रतिवेदन अनुसार नेपालमा जंगलको बिस्तार भएको देखिन्छ । विगत १८ वर्षमा नेपालमा जंगलको भू-भाग दोब्बर भएको देखिन्छ । यो भू-भाग यसै बढेको होइन, नेपाली कामदारहरू वैदेशिक रोजगारीमा जान थालेपछि कृषि पेसा छाडेका कारण खेतीयोग्य जमिन बिस्तारै जंगलमा रूपान्तरण भएको हो । तसर्थ, यी सबै तथ्यहरूलाई एकै ठाउँ राखेर हेर्ने हो भने नेपालमा कृषि क्षेत्र उत्साहजनक छैन । तर खण्ड-खण्डमा तथ्यांकहरू राखेर हामीले कृषि क्षेत्रलाई उत्साहजनक क्षेत्र भएको दाबी गरिरहेका छौं । सरकारका विभिन्न कार्यक्रमहरूले कृषि क्षेत्रमा ठूलै क्रान्ति आउने भनेर विगत केही वर्षमा युवाहरूको उत्साहजनक उपस्थिति यो क्षेत्रमा नभएको होइन तर यो क्षेत्रमा प्रवेश गरेका नगण्य मानिसहरू मात्र सफल भए । धेरै मानिसहरू असफल भएर व्यवसाय परित्याग गरेका अनेक कथाहरू देख्न सकिन्छ । तसर्थ, यो क्षेत्रमा सरकारले जसरी काम गरिरहेको छ, यो पर्याप्त छैन । कृषि क्षेत्रलाई यो कुचक्रबाट निकाल्न जरुरी छ ।

हरेक वर्ष किसानलाई मल र बिउका लागि लामो लाइनमा उभ्याएर, कमसल मल र बिउ उपलब्ध गराउने र त्यही मल र बिउबाट किसानले मेहनेत गरेको उत्पादनले बजारमा मूल्य नपाउने स्थिति बनिरहने हो भने कृषि क्षेत्रमा जति नै लगानी गरे पनि त्यसले कुनै प्रतिफल दिँदैन । कृषि क्षेत्रमा रूपान्तरण गर्ने हो किसानले मल र बिउ पाए पनि नपाए पनि उत्पादनले सही मूल्य पाउनुपर्छ । अर्थशास्त्रीहरूका माझमा अमेरिकाको कृषि क्षेत्रका बारेमा एउटा प्रख्यात भनाइ छ, अमेरिकामा आवश्यकताभन्दा बढी गहुँ उत्पादन हुँदा बढी भएको गहुँ समुद्रमा लगेर फ्याँक्ने गर्दछ । जसले गर्दा अमेरिकाका किसानले गहुँको सही मूल्य पाउँछन् । तर अमेरिकामा यसको बिरोध गर्नेहरूले उक्त गहुँ भोकमारी भएको स्थानमा किन नदिएको ? भनेर प्रश्न गरे र अमेरिकाले विरोधीहरूको मुख बन्द गर्नका लागि केहि भोकमरी हुने देशमा उक्त गहुँ अनुदानमा दियो । अमेरिकाले अनुदानमा दिएको त्यो गहुँ फेरि अमेरिका नै पुग्यो किनकि त्यहाँ गहुँको राम्रो मूल्य थियो त अन्ततः अमेरिकामा किसानले पाउने गहुँको मूल्य घट्यो । र अमेरिकाले स्थिर मूल्यका लागि उत्पादित गहुँलाई समुद्रमा नै लगेर फाल्नुको विकल्प देखेन । यो कथन सत्य नहुन पनि सक्छ तर नेपालको परिप्रेक्षमा किसानले जति नै मेहनत गरे पनि, उत्पादनमा वृद्धि गरे पनि त्यसले नेपालको अर्थतन्त्र र किसानको जीवनमा कुनै तात्त्विक भिन्नता ल्याउन सकेको छैन । यो वर्ष पनि धानको मूल्य बढ्दा किसानलाई फाइदा हुन्छ वा हुँदैन भन्ने विषय मूल्यसँग जोडिएको छ । कोरोना भाइरसको संक्रमणका कारण काठमाडौं उपत्यकालगायत देशभर लकडाउन हुँदा तरकारीको मूल्यमा ठूलो ह्रास आयो । उक्त मूल्य माग वा आपूर्तिको सिद्धान्तका कारणले घटेको थिएन, किनकि उक्त अवधिमा माग घटेसँगै आपूर्ति पनि घटेको थियो । यदि त्यसो हो भने उक्त अवधिमा कसरी मूल्य घट्यो ? के सरकारले त्यही मूल्य सधैँ कायम गर्न सक्दैन ? यो अध्ययनको विषय थियो, तर यसमा न त कृषि मन्त्रालयले कुनै चासो लियो, न आपूर्ति मन्त्रालयले नै । यति मात्रै होइन, यो विषयमा कुनै वैदेशिक दाताले चासो दिएन, कुनै अर्थशास्त्रीले यो विषयमा बोलेन । कुनै विश्वविध्यालयले चासो लिएन । कुनै नेताले यो विषयको खोज गर्ने वा यो बारेमा बोलेको सुनिएन, किनकि यो आम मानिसको विषय थियो र दुःखद कुरा यो समाजवाद उन्मुख देशमा आम मानिसको चासो कसैलाई छैन ।

धानको मूल्य बढाउन लाग्नुभन्दा बढी प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा विज्ञहरूको रुचि छ, किनकि यो विश्व बैंकको कार्यक्रम हो । किसानको आवाज त्यो बेला मात्र विज्ञहरूले बोल्छन् जुन बेला विज्ञहरूले त्यो विषयमा बोल्दा, लेख्दा बा प्रतिवेदन बनाउँदा पारिश्रमिक पाउँछन् । यसको ज्वलन्त उदाहरण भनेको कृषि विकास रणनीति, ०७२ हो जुन प्रतिवेदन निर्माण गर्न सरकारले २७ करोडभन्दा बढी रकम खर्चेको छ तर न कार्यान्वयन भएको छ न त त्यसले आमकिसानको जीवनमा कुनै रूपान्तरण नै ल्याउन सकेको छ । देशसञ्चार

## मननयोग्य

# विदुर नीति

अग्लो शरीर, ठूलो उठेको निधार, लामो केश, तेजिला आँखा राजषि पहिरनले गर्वित हिँडाइ । सर्तक दृष्टिले उनले सबैतिर हेरे र नन्दका आसनको छेउमा रहेको अगाडिको मुख्य आसनमा बसे । केही समयपछि फेरि घोषणा भयो- राज्यशिरोमणि मगधाधिपति महाराज महापद्मानन्दको सवारी हुँदैछ । नन्दको प्रवेशमा सबै दरबारिया उभिए । सेतो कलाप, भद्दा शरीर, लोलाएका आँखा, गलामा मोती र मणिका माला, शिरमा रत्नजडित मुकुट, खुट्टा लर्बराउँदै दरबारमा नन्दको प्रवेश भयो । उनका अगल - बगलमा नवयौवनाहरू उत्तेजक पहिरनमा सजिएर हिँडिरहेथे । दरबारको बीचमा दिव्य सिंहासनमा नन्द बसे । सँगै आएका युवतीले मखमलको पंखा लिई अलगबगलबाट हम्कन लागे । एउटी पातलो कपडा पहिरएकी मोहनी मूर्तिले सुनका भाँडामा मदिरा खन्याएर नन्दतिर बढाई समाउनासाथ सबैले ताली पिटे । त्यसपछि एउटी सुन्दरीको प्रवेश भयो - पूर्णिमाका चन्द्रमाजस्तै चम्किने, मसखमण्डल, मदिराले लट्ठ भएजस्तँ दुई आँखा, कालो बादलजस्तो केशरासीद्वारा आफ्नो सौन्दर्य उनी स्वयं प्रस्तुत गरिरहेकी छन् । उनका दुई पोटिला स्तन, पातलो कम्मर, पुष्ट नितम्ब सबैलाई आकर्षित पार्न पर्याप्त थिए ।

चिल्लो भूइँमा ती सुन्दरी माछा उफ्रेजस्तै उफ्री- उफ्री नाचिरहेकी छन् । उनको शरीरमा हाड नै छैनन् भन्नेजस्तै भान परेको छ । धेरै नाचिसकेपछि थाकेकी ती सुन्दरीले राजालाई ढोगिन् । नृत्यको समाप्तिपछि त्यहाँ सपनाबाट बिउँझेजस्तै - जागेजस्तै) याँके । यसका सँगसँगै त्यसरुढोगिन् । नन्दले असर्फीले भरिएको थैलि नर्तकीतिर दरबारमा बसेका सबैले रूपैयाँको भेटी चढाए, रूपैयाँ नै रूपैयाँको बिस्कुनझैं त्यो ठाउँ देखियो ।

यी सब देखी चाणक्यको क्रेध उनको मुखमा प्रकट भइरहेन्थ्यो । सोच्दै थिए कि के यो मदान्ध राजाका हातमा मगध राज्य सुरक्षित छ ? यदि सिकन्दरले यस राज्यमा लडाइँ गरेका भए त्यो आँधी रोक्नसक्ने क्षमता थियो र नन्दमा ? राम्रो नै भयो सिकन्दर लडाइँ नै नगरी फर्केर गयो तर फेरि पनि त सिकन्दर फर्केर आउन सक्छ । किनकि, आम्भी र पुरु सिकन्दरका अधीनमा गई नै सके ।

मन्त्री राक्षसले दण्डको डर देखाई राज्य सञ्चालन सायद राम्रैसँग गरेकै होला तर जनताबाट नाना किसिमका कर लिई भरिएको राजकोष कसरी लुटाइरहेछ, यो सबैमा त्यो राक्षस त्यत्ति नै दोषी छ जति नन्द दोषी छ । मैले नन्दलाई समाप्त गर्नैपर्छ, मगधका लागि यस राजाको कुनै आवश्यकता छैन । मगधका लागि म आफैँ राजाको खोजी गर्नेछु ।

## पत्र-मञ्जुषा

# जनताको मन जित्ने काम गर

**सम्पादकज्यू,**

गणतान्त्रिक सरकारले हिजोको राजतन्त्रको शैलीमा क्रियाकलाप देखाउन थालेको छ । हिजो जनताले स्वतन्त्रता माग्दै गर्दा तत्कालीन शासक वर्गबाट दबाउने काम गऱ्यो, जनताको मागलाई वास्ता नगर्दा आज राजतन्त्र इतिहासमा सिमित भएको छ । तत्कालीन शासक वर्गबाट जनताको मुख बन्द गर्ने अभियान चलायो यत्ति मात्र होइन, स्वतन्त्र माग गर्नेहरूको गतिविधिमा संलग्न नहुन र स्वतन्त्र माग्नेहरूलाई दबाउन थाल्नु सबैभन्दा ठूलो गलत थियो । यत्ति धेरै अघिको कुरा पनि नगरौं, हिजो तत्कालीन राजाले राजनीतिक दलहरूलाई प्रतिबन्ध लगाउनेसम्म काम नगरेको आज राजाले स्थान पाउने थिए, जब राजाले दबाउने अभियान थाले, त्यसको बदलामा आज जंगलको बास बस्नु परेको छ । यहि पथमा अहिलेको लोकतान्त्रिक गणतन्त्रको सरकारले हिँड्ने दुष्प्रयास गरेको छ । यो सरकारको रबैया काम रहने हो भने अब यी शासक र यो शासन व्यवस्था पनि इतिहासमा सिमित नरहला भनेर भन्न नसकिने अवस्था आएको छ ।

लोकतान्त्रिक सरकारले राजावादीहरूको गतिविधिमा संलग्न नहुन आग्रह गरेको छ । लोकतन्त्रमा सबैले आ-आफ्नो माग राख्न पाइन्छ, यदि राजावादीहरू ठीक छैनन्, वर्तमान सरकार मात्र ठीक भनेर भन्ने हो भने सरकारले जनताको इच्छाबमोजिम शासन गर्नुपर्छ । हिजो एउटा राजाको विरोध गर्नेहरू आज हज्जारौं राजाहरू जन्मिएपछि जनताले एक जना मात्र राजा छान्न थालेका हुन् । यदि राजा गलत हुन् भन्ने देखाउन चाहेको हो भने अहिलेको गणतान्त्रिक सरकारले जनताको मन जित्न सक्नुपर्छ । यदि सरकारले जनताको चित्त बुझाउन सक्यो भने यसको विकल्प खोज्ने छैनन् तर जनताको चित्त बुझाउन सकिएन भने अन्ततः अहिलेका शासकहरूले पनि जंगलको बाटो तताउनुपर्ने हुन सक्छ । त्यसैले अहिले नै यसबारे शासकहरूले ध्यान दिनु जरुरी छ ।

सरकारले राजावादीहरूको गतिविधिमा संलग्न नहुन आग्रह गरेको छ । वास्तवमा वर्तनका सरकारले जनताको दुःख सुख बुझ्न नसकेपछि देशका विभिन्न भागमा केही दिन यता राजावादीहरूको प्रदर्शन देखा पर्न थालेको हो । वर्तमान सरकारले जनताको चित्त बुझाउन नसक्ने हो भने सरकारले जतिसुकै कडाइ गरे पनि यो आन्दोलन रोकिनुको सट्टा अरु बढेर जाने छ । बिरालोलाई घर थुनेर कुट्ने हो भने मान्छेको घाँटीमा आक्रमण गर्छ, त्यस्तै आफ्नो शासन गुम्छ भनेर सरकारले जनतालाई बिरालो कुटाइ गर्छ भने यसले कालान्तरमा तिनै शासकहरूको घाँटीमा जनताले अट्ठ्याँनेमा दुई मत छैन । सरकारले जनताको सुख, दुःख बुझ्न नसक्दा अहिले सरकारको विरुद्धमा यस्तो आवाजहरू उठ्न थालेको हो । लोकतान्त्रिक सरकारले जनतालाई झन् दुःख दिएपछि यसको विकल्प जनता बाध्य भएका छन् । नेताहरूले जनतामाथि कुठाराघात गरेपछि जनताले राजसंसथाको माग गरेका हुन् । कोरोनाले मुलुक तहसनहस बनाएको बेला शासक वर्गहरू भने कुर्सीको लडाइँमा लागेपछि जनताले नेताहरूको विकल्प खोजेका हुन् ।

- मिलन कार्की, नुवाकोट ।

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdaily@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । -सं.

# एकीकरण मार्ग कार्यक्रम सम्बन्धि सेमिनार



■ प्रभाव संवाददाता

**बारा**–ऐतिहासिक तथा पुरातात्विक महत्वका धरोहरहरूको संरक्षण, सम्वर्धन र प्रबर्धन गर्ने उदेश्य "एकीकरण मार्ग कार्यक्रम सेमिनार २०७७" संचालन भएको छ । नेपाली सेनाले एकीकरण मार्ग कार्यक्रम अन्तर्गत नेपाल एकीकरणको दौरानमा प्रयोग भएका पदमार्गहरू, बिभिन्न गढि तथा किल्लाहरूको पहिचान तथा मर्मत संभार गर्दै आएको सन्दर्भमा उक्त सेमिनार संचालन गरिएको हो ।

ऐतिहासिक तथा पुरातात्विक महत्वका धरोहरहरूको संरक्षण, सम्वर्धन र प्रबर्धन गर्ने उदेश्य अनुरूप नं. २८ बाहिनी अड्डाका बाहिनीपति सहायक रथी जोन्सन खड्काको प्रमुख आतिथ्यतामा आइतबार "एकीकरण मार्ग कार्यक्रम सेमिनार २०७७" संचालन भएको हो ।

कार्यक्रमको दौरान एकीकरण मार्ग कार्यक्रमको अवधारणा, सेमिनारको मोडालिटी सम्बन्धि जानकारी एवं वृत्तचित्र प्रदर्शन र एकीकरण मार्ग कार्यक्रम अन्तरगत देशैभरी हालसम्म संचालित गतिविधिहरूबारे जानकारी गराइएको थियो । उक्त सेमिनारमा पर्सागढी, बारागढी र सिम्रौनगढको ऐतिहासिक सम्पदा संरक्षण, विकास योजना, ऐतिहासिक महत्व तथा नेपाल एकीकरणमा लडैया समनपुर युद्दस्थलको महत्व तथा बारा जिल्लामा निर्माणाधिन एकीकरण स्मृति उद्यान बारे प्रस्तुतिकरण भएको थियो ।

बारा, पर्सा र रौतहट जिल्लाका स्थानिय पदाधिकारी एवं प्रतिनिधीहरू, तीनवटै जिल्लाका स्थानीय बुद्धिजीबी तथा पत्रकारहरू लगायत नं. २८ बाहिनी अड्डा अन्तरगत बारा, पर्सा र रौतहट जिल्लामा तैनाथ गणका गणपति एवं अधिकृतहरू सम्मिलित सो कार्यक्रमले ऐतिहासिक तथा पुरातात्विक महत्वका धरोहरहरूको संरक्षण, सम्वर्धन र प्रबर्धनमा उल्लेखनिय योगदान पुग्ने बिश्वास नेपाली सेनाले लिएको जानकारी गराइयो ।

# राष्ट्रिय मानव अधिकार प्रतिष्ठान रूपन्देही शाखा स्थापना

■ प्रभाव संवाददाता

**रूपन्देही**– रूपन्देही जिल्ला भित्र बसोबास गर्ने सामाजिक व्यक्तिहरूको भेलाले राष्ट्रिय मानव अधिकार प्रतिष्ठान रूपन्देही शाखा स्थापना गरेका छन् । शनिबार भेलाबाट निर्बाचित १३ सदस्यीय संचालक समिति र सल्लाकारहरूको पदस्थापन एवं मानव अधिकारका बिषयमा प्रशिक्षण साथै प्रतिष्ठानका २५ जना सदस्यहरूलाई परिचय पत्र बितरण कार्यक्रम जिल्ला अध्यक्ष जितेन्द्र प्रसाद बन्जाडे (राजु बन्जाडे) को अध्यक्षतामा सम्पन्न भयो ।



राष्ट्रिय मानब अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालयका अधिकृत इन्द्रजित सहनिको प्रमुख आतिथ्यता, सोहि कार्यालयका प्रशासकिय अधिकृत नारायण बस्नेतको बिशिष्ट अतिथ्यता र जिल्ला सचिब कमल नेपालको सञ्चालन साथै उपाध्यक्ष उमाकान्ति खत्रीको स्वागतबाट सुरु भएको कार्यक्रममा मेख बहादुर आधिकारि, हेम थापा, नारायण बस्नेत, प्रकाश पौडेलले मानव अधिकारका बिषयमा आफ्ना भनाईहरू राखेका थिए ।

राष्ट्रिय मानव आधिकार आयोगका लुम्बिनी प्रदेश कार्यालय अधिकृत इन्द्रजित सहनीको मानव आधिकारका विषयमा भएको प्रशिक्षण पश्चात अध्यक्ष जितेन्द्र प्रसाद बन्जाडेले आफ्ना प्रतिबद्धता सहित कार्यक्रमको समापन भएको थियो ।

# स्वास्थ्य क्षेत्रमा आजको दिन ऐतिहासिक

■ किरण धामी

डोटी-नेपालको स्वास्थ्य क्षेत्रको आजको दिन ऐतिहासिक भएको सुदूरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्री त्रिलोचन भट्टले बताएका छन् ।

डोटीको दिपायल सिलगढी नगरपालिका-५ ग्वालसैनमा सुदूरपश्चिम प्रदेश स्तरीय सरुवा रोग सम्बन्धी ५० शैयाको अस्पतालको शिलान्यास गर्दै मुख्यमन्त्री भट्टले यस्तो बताएका हुन् । उनले नागरिकलाई घरघरमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन प्रदेश सरकार प्रतिवद्ध रहेको पनि बताए । उनले भने, 'रोग र भोकले नागरिकको ज्यान जान दिने छैनौं, स्वास्थ्य सेवाको पहुँच घर घरमा पुऱ्याउँछौं ।'

अस्पतालको शिलान्यास कार्यक्रममा बोल्दै उनले अस्पतालको शिलान्यास मात्र हुने होकी भनेर आत्तिनु नपर्ने बताए । नेपाल सरकारबाट सरुवा अस्पतालको लागी रकम आएन भने पनि प्रदेश सरकारको बजेटबाट भए पनि अस्पताल बनाउने र मुख्यमन्त्री भएकाले आफूमा त्यो अधिकार भएको उनले बताए । दिपायल सिलगढी नगरपालिका लगायत अस्पताल स्थापना क्षेत्र हुने वरपरका बासिन्दाको भूमिका बढेको बताए ।

अस्पताल स्थापनाको लागी छिट्टै टेन्डर प्रक्रिया हुने र कुनै अवरोध बिना अस्पताल बन्नमा यहाँका नागरिकले सहयोग गर्नुपर्ने मुख्यमन्त्री भट्टले बताए । 'अस्पताल निर्माणमा सबैले सहयोग गरौं, सबै नागरिकले नजिक सेवा पाउनेछन्, यो भन्दा ठूलो खुशीको कुरो के नै छ र', उनले भने, 'विकास भन्ने कुरो क्रमिकरूपमा हुँने हो, ढिलो भयो भनेर आत्तिनु पर्दैन ।' २०३९ सालमा क्षेत्रीय अस्पतालका लागी अधिग्रहण भएको उक्त जग्गामा बन्न लागेको सुदूरपश्चिम प्रदेश स्तरीय सरुवा रोग सम्बन्धी ५० शैयाको अस्पताल शिलान्यास आफुले गर्न पाउदा गर्भ लागेको उनले बताए ।


## पुथा उत्तरगंगा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**तकसेरा, रुकुम पूर्व**
५ नं प्रदेश, नेपाल

**कम्प्युटर तथा प्रिन्टर खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७७।०८।१६**

१. यस गाउँपालिका अन्तरगतका विद्यालयहरूमा कम्प्युटर खरिद गरि हस्तान्तरण गर्ने कार्यक्रम रहेको हुँदा सूचीकृत आपूर्तिकर्ताहरूबाट रीतपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।
२. सिद्धार्थ बैंक लिमिटेड, पुथा उत्तरगंगा शाखामा रहेको यस गाउँपालिकाको खाता नं. ०१४१५३५९९४६ (ग १.१ पुथा उत्तरगंगा गा.पा. आन्तरिक राजस्व खाता) मा दरभाउपत्रपत्र दस्तुर वापत् रु. १०००।- जम्मा गरेको सक्कल प्रति भौचर पेश गरी २०७७ साल मंसीर ३० गते साँझ ४:०० बजेसम्म दरभाउपत्र खरिद गर्न सकिनेछ । दरभाउपत्र दस्तुर नगद बुझाउन पाइने छैन । नगद बुझाइ दरभाउपत्र खरिद गरेको पाइएमा दरभाउपत्र अमान्य हुनेछ ।
३. एक व्यक्ति धेरैवटा फर्मको नाममा दरभाउपत्र खरिद गरेको वा पेश गरेको पाइएमा दरभाउपत्रहरू अमान्य हुनेछ ।
४. खरिद गरिएका सिलबन्दी दरभाउपत्रहरू २०७७ साल पुस महिनाको ०१ गते दिनको १२:०० बजे भित्र कार्यालयमा पेश गरिसक्नुपर्ने छ ।
५. दरभाउपत्र खरिद गर्दा कम्पनीरफर्म दर्ताको प्रमाणपत्र, दरभाउपत्र माग गरिएको निवेदन, आव २०७६।७७ सम्मको कर चुक्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र, व्यवसाय सम्बन्धी इजाजतपत्र, कम्पनी दर्ताको प्रमाणपत्र, कारोबार गर्न अयोग्य नभएको र कालो सूचीमा नपरेको स्वयं घोषणापत्र अनिवार्य पेश गर्नुपर्नेछ ।
६. पेश भएका दरभाउपत्रहरू मिति २०७७ साल पुस महिनाको ०१ गते दिउँसो २:०० बजे दरभाउपत्रदाताका प्रतिनिधिको रोहबरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
७. रीतपूर्वक पेश नभएका, म्याद नाघी आएका वा शर्त राखिएका दरभाउपत्रमाथि कुनै कारवाही गरिने छैन ।
८. दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलेको मितिदेखि ४५ दिनको हुनेछ ।
९. दरभाउपत्रसाथ रु. ५५००० (पचपन्न हजार रुपियाँ) रकम बराबरको क वर्गको वाणिज्य बैंकबाट जारी भएको कम्तीमा ४५ दिन म्याद भएको दरभाउपत्र जमानत (Bid Security) पेश गर्नुपर्नेछ । दरभाउपत्र जमानत नगद जम्मा गर्न सकिने छैन ।
१०. दरभाउपत्र खरिद गर्ने र पेश गर्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट हुनेछ । यसो भए तापनि दरभाउपत्र जमानत र दरभाउपत्रको मान्य अवधि माथि उल्लेखित नै हुनेछ ।
११. दरभाउपत्र स्वीकृत गर्ने, आंशिक रूपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।
१२. यस सूचनामा उल्लेख नभएको सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।
थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## Galchhi Rural Municipality
## Office of the Rural Municipal Executive

**Baireni, Dhading**
**Bagmati Province, Nepal**

**Invitation for Bids**

**First date of publication of notice, 2020/01/12**

1. **Galchhi Rural Municipality** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of A**duwabari-Batase-Bhaltar-Chariamile-Ratmate-Kamitol-Dhungantar-Mastar Water Supply Project** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Galchhi Rural Municipality, Bairani, Galchhi,Dhading** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Eligible Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost of NPr.3000.00 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Globle IME Bank Ltd

   Name of Office: Galchhi Rural Municipality

   Office Code no. : Ga1.1 Aantarik Rajaswa Khata, Galchhi

   Office Account no.: 8104010000004
4. Pre-bid meeting shall be held at **Galchhi Rural Municipality, Bairani, Galchhi, Dhading at 2:00 PM on 21th (20/12/2020 AD) days of publication of notice.**
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np. on or before 12:00 PM on 31-12-2020 AD. Bids received after this deadline will be rejected. Submitting their bid electronically, should deposit the non-refundable fee as mentioned below and scanned copy of written application. Along with the copy of company/firm registration certificate, tax clearance certificate up to FY076/77 or Letter ofapproved of extension of tax clearance and other necessary document.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 PM** on 31-12-2020 AD at the office of **Galchhi Rural Municipality, Bairani, Galchhi, Dhading.** Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in PDF format in case of e-bid, amounting to a minimum of **Npr. 2,50,000/-**, which shall be valid for 30 days beyond the validity period of the bid information to deposit bid amount in bank as specified.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsever.
9. Matters not covered by this notice shall be in accordance with Bid document, PPA and PPR.
10. Eligibility Criteria:
11 The prospective bidders should be technically &financially sound registered with Govt. of Nepal as specified in the bid documents.

Bidding Documents may be submitted by a single company or joint venture

| Contract no./ID | Description of Works | Bid Security Amount (Nrs.) | Bid Document Fee (Nrs.) | Estimated Amount (With VAT) |
|---|---|---|---|---|
| NCB/09/2077/78 | Aduwabari-Batase-Bhaltar-Chariamile-Ratmate-Kamitol-Dhungantar-Mastar Water Supply Project | 2,50,000.00/- | 3,000.00/- | 98,90,951.61/- |

**Chief Administrative officer**

# प्रभाव दैनिक
National Daily


## रूपशाला

### तुलसीको 'लुगा मात्र फेर्ने'

काठमाडौं- नेपाली लोकगीत संगीतको क्षेत्रमा राम्रो सम्भावना भएकी गायिका तुलसी धर्तिमगर र गायक गोपाल जिएमको युगल स्वरमा मौलिक लोकदोहोरी गीत 'लुगा मात्र फेर्ने'को भिडियो सार्वजनिक भएको छ । गीतको भिडियोमा भुवन पार्की र राधिका मगरको अभिनय रहेको छ ।




मंगलबार, १६ मंसिर २०७७ (Tuesday, December 1, 2020)


# इलामको चियाबारीमा कृष्ण-लीला

■ प्रभाव संवाददाता



**काठमाडौं–** दशैंअघि नै निर्माण घोषणा गरिएको नेपाली फिल्म 'कृष्ण-लीला'को गत शुक्रबारबाट छायाँकन सुरु भएको छ । पूर्वी नेपालको झापाबाट सुटिङ थालिएको फिल्मको युनिट हाल इलाम पुगेको छ ।

दीपक ओलीको निर्देशन र लक्ष्मण सुवेदीको लेखन रहेको फिल्मको सुटिङ 'कुनै दिन यस्तो पनि जिन्दगानी' बोलको रोमान्टिक गीतबाट सुरु भएको जानकारी कार्यकारी निर्माता रत्न श्रेष्ठले दिएका छन् । सो गीतमा अभिनेता पुष्प खड्का र अभिनेत्री श्रद्धा श्रेत्री रोमान्टिक मुडमा प्रस्तुत भएका छन् ।

गायिका अञ्जु पन्त र सुगम पोखरेलको स्वर र अर्जुन पोखरेलको संगीत रहेको गीतको कोरियोग्राफी रामजी लामिछानले गरेका हुन् । बाबु श्रेष्ठले खिचेको गीत निकै सुन्दर बनेको कोरियोग्राफर लामिछानेले बताएका छन् ।

आरआर फिल्मस्को ब्यानरमा रोहित कट्टेलको प्रस्तुति तथा रत्न श्रेष्ठ कार्यकारी निर्माता रहेको 'कृष्ण-लीला'मा पुष्प खड्का, श्रद्धा क्षेत्री, बुद्धि तामाङ, रबिन्द्र झा, नवीन रेग्मी, हिउँवाला गौतम, भावना गुरुङ, आयुष गुरागाईलगायतका कलाकार मुख्य भूमिकामा छन् ।

प्रकाश कार्की र केवल तामाङ निर्माता रहेको फिल्मको कोशी नदी किनारमा सेट लगाएर सुटिङ आरम्भ गरिएको थियो भने फिल्म युनिट हाल इलामको पानीटार पुगेको छ । त्यहाँ गीतको छायाँकन सम्पन्न गरेर दृश्य खिच्ने जानकारी निर्देशक वलीले दिए । फिल्मको सम्पूर्ण छायाँकन पूर्वी नेपालमै सकाइने बताइएको छ ।

# युट्युबमा शुभलभ



■ प्रभाव संवाददाता

**काठमाडौं–** ज्योतिष हरिहर अधिकारी अभिनित चलचित्र 'शुभलभ' युट्युबमा सार्वजनिक गरिएको छ । गत १५ चैत्रमा सिनेमा घरमा प्रदर्शनमा आएको यो चलचित्र ओएसआर डिजिटलको अफिसियल युट्युब च्यानलबाट सार्वजनिक गरिएको हो ।

चलचित्र 'शुभलभ'लाई पुराना निर्माता तथा निर्देशक सन्तोषबाबु लोहनीले निर्देशन गरेका हुन् । बुद्ध इन्टरटेनमेन्टको ब्यानरमा निर्माण भएको चलचित्रका प्रस्तुतकर्ता प्रदीपकुमार उदय हुन् । चलचित्रमा धर्मराज शर्मा सुवेदीको लगानी रहेको छ । 'शुभलभ'मा हरिहर अधिकारी, कृष्टिन पौडेल, सरोज खनाल, राजाराम पौडेल, राजा राजेन्द्र पोखरेल, रविन्द्र झा, प्रदीप बास्तोल, सुर्या थापा, अनुज पाण्डेलगायतका कलाकारको मुख्य भुमिका रहेको छ ।

चलचित्रमा हरिहर अधिकारीको कथा, अभिमन्यु निरवीको पटकथा तथा संवाद, अर्जुन पोखरेलको संगीत, रामजी लामिछानेको कोरियोग्राफी, रामेश्वर कार्कीको छायाँकन, रोशनविक्रम भट्टराईको द्वन्द्व, बनिष शाह र भुपेन्द्र अधिकारीको सम्पादन रहेको छ ।

# फिल्म क्षेत्र खुलाउन फिल्मकर्मी एकजुट




■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म क्षेत्रका विभिन्न ६ वटा संघसंस्थाले चलचित्र क्षेत्रलाई चलायमान गराउन सरकारलाई दवावसहित आग्रह गर्ने निर्णय गरेका छन् । काठमाडौंमा पत्रकार सम्मेलन गरी यस्तो जानकारी गराइएको हो ।

नेपाल चलचित्र कलाकार संघ, नेपाल चलचित्र प्राविधिक संघ, नेपाल चलचित्र निर्देशक समाज, नेपाल चलचित्र नृत्य संघ, नेपाल चलचित्र द्वन्द संघ तथा जनजाति चलचित्र महासंघले संयुक्त पत्रकार सम्मेलन गर्दै चलचित्र प्रदर्शनका लागि सरकारलाई दवाव दिने जानकारी गराएका हुन् ।

पत्रकार सम्मेलनपछि जारी विज्ञप्तिमा भनिएको छ, 'कोभिड-१९ कोरोनाको प्रकोप सुरु भएदेखि विगत नौ महिनायता जनजीवन, व्यापार, व्यवसाय, पेशा सबै अस्तव्यस्त भएको र पेशा, व्यापार, व्यवसायलाई गम्भिर असर परेको सर्वविधितै छ । ११ चैतदेखिको लकडाउनले गर्दा नेपाली चलचित्र क्षेत्रसमेत बन्द हुँदा चलचित्र क्षेत्रमा आश्रित हजारौं पेशाकर्मी बेरोजगार भएका छन् । रोजगारी नभएको कारणले चलचित्रका हजारौं पेशाकर्मीको जीवनयापन कठिन भैरहेको छ भने चलचित्रका लगानीकर्ताहरूको लगानी स्थिर भएर बसेको छ ।'

त्यस्तै, विज्ञप्तीमा फिल्मका प्रदर्शकहरूको अवस्था झन् गम्भिर भएर गएको उल्लेख गर्दै विगतमा फिल्म क्षेत्रका विभिन्न संघ-संस्था र चलचित्र विकास बोर्डले राहत उपलब्ध गराएको भएपनि फिल्म क्षेत्रको उत्थानका लागि दीर्घकालिन समाधान भनेको चलचित्र क्षेत्र चलायमान हुनु रहेको जनाइएको छ । विज्ञप्तीमा भनिएको छ, 'मापदण्डको पालना गरी चलचित्र छायाँकन हुनुपर्छ, चलचित्र प्रदर्शन हुनुपर्छ । यसका लागि चलचित्र क्षेत्रका संघसंस्थाहरूले कस्तो भूमिका निर्वाह गर्नुपर्छ, त्यसको लागि हामी तयार रहेको प्रतिवद्धता व्यक्त गर्न चाहन्छौं ।'

फिल्मसँग सम्बन्धित संघसंस्थाले सञ्चार मन्त्रीलाई भेटि फिल्म क्षेत्रमा संघ-संस्था सम्मिलित प्रतिनिधि मण्डलले ध्यानाकर्षण गराएको थियो । सरकार फिल्म क्षेत्र खुलाउन सकरात्मक देखिएको विगज्ञप्तीमा उल्लेख गरिएको छ । साथै, चलचित्र विकास बोर्डबाट समेत सिनेमा हल खोलाउनका लागि प्रयास भइरहेको र यस्तै विषम परिस्थितिको अवस्थालाई बुझेर बोर्ड ले चलचित्रकर्मी विपत्त व्यवस्थापन समिती गठन गर्न लागेको जनाएको छ । सरकारसँग फिल्मकर्मी बचाउन तथा पलायन हुनबाट रोक्नका लागि आवश्यक आर्थिक राहत प्याकेजको व्यवस्था गर्न माग गरिएको छ ।

विज्ञप्तीमा नेपाल चलचित्र कलाकार संघका अध्यक्ष रविन्द्र खड्का, नेपाल चलचित्र प्राविधिक संघको अध्यक्ष पुष्कर लामा, नेपाल चलचित्र निर्देशक समाजका अध्यक्ष रक्षा राणा, नेपाल चलचित्र नृत्य संघका कार्यवाहक अध्यक्ष जनक कार्की, नेपाल चलचित्र द्वन्द संघका अध्यक्ष सूर्य थोकर तथा जनजाति चलचित्र महासंघका अध्यक्ष अमृत सुनुवारले हस्ताक्षर गरेका छन् ।

## रंगशाला

# आइसिसीको क्रिकेट वरीयतामा नेपाल यथास्थानमा




■ प्रभाव संवाददाता

**काठमाडौं –** अन्तराष्ट्रिय क्रिकेट परिषद (आईसीसी) को एकदिवसीय र टी(ट्वान्टी क्रिकेटको नयाँ वरीयतामा नेपाल यथावत रहन सफल भएको छ ।

आइतबार आईसीसीले सार्वजनिक गरेको नयाँ वरीयतामा नेपाल यथावत रहेको हो । नेपाल एकदिवसीयतर्फ १६ औं र टी-ट्वान्टीतर्फ १५ औं स्थानमा रहेको छ ।

नेपालले एकदिवसीयमा १८ रेटिङ र टी-ट्वान्टीमा १ सय ८० रेटिङ पाएको छ । नेपालको टी-ट्वान्टीमा उत्कृष्ट वरीयता ११ औं स्थान हो । एकदिवसीयतर्फ भने १४ औं स्थान उत्कृष्ट वरीयता हो ।

टी-ट्वान्टीको नयाँ वरियताको शीर्ष स्थानमा अष्ट्रेलिया, दोस्रोमा इंग्ल्यान्ड र तेस्रो स्थानमा भारत रहेका छन् । एकदिवसीयतर्फ शीर्ष स्थानमा इंग्ल्यान्ड, दोस्रोमा भारत र तेस्रोमा न्युजिल्याण्ड रहेका छन् ।

नेपालले गत फेब्रुवरीमा घरेलु भूमिमा भएको एकदिवसीय त्रिकोणात्मक सिरिजपछि एकदिवसीय अन्तराष्ट्रिय खेल खेलेको छैन ।

यस्तै मार्चमा थाइल्याण्डमा भएको एसीसी इस्टर्न रिजन टी(ट्वान्टी क्रिकेट खेलेपछि नेपालले टी(ट्वान्टीको अन्य प्रतियोगिता खेलेको छैन । त्यस्तै खेलाडीको टी–ट्वान्टी ब्याटिङतर्फ पारस खड्का ७० औं स्थानमा रहेका छन् । बलिङतर्फ सन्दीप लामिछाने ८३ औं स्थानमा रहेका छन् ।

### रानालाई अन्तर्राष्ट्रिय रेफ्रीको मान्यता

**काठमाडौं –** भलिबल रेफ्री कुल बहादुर राना अन्तराष्ट्रिय रेफ्री भएका छन् । अन्तराष्ट्रिय भलिबल महासंघ (एफआईभीबी) ले रानालाई अन्तराष्ट्रिय रेफ्रीको मान्यता दिएको हो ।

एफआईभीबीले नेपाल भलिबल संघलाई एक पत्र पठाउदै रानालाई अन्तराष्ट्रिय रेफ्री प्रदान गरिएको जनाएको छ । नोभेम्बरमा बसेको बोर्ड बैठकले राना अन्तराष्ट्रिय रेफ्रीको मान्यता प्रदान गर्ने निर्णय गरेको एफआईभीबीले जनाएको छ । रानाले सन् २०१४ मा जापानमा भएको एफआईभीबी अन्तराष्ट्रिय रेफ्री क्यान्डीडेट कोर्ष गरेका थिए ।

### सेनेगलका स्टार डिओपको निधन

**सेनेगल–** सेनेगलका पूर्व मिडफिल्डर पापा बौबा डिओपको निधन भएको छ । प्रिमियर लिग क्लब फुलहमका पूर्व मिडफिल्डर समेत रहेका डिओपको ४२ वर्षको उमेरमा निधन भएको हो ।

विश्व फुटबलको सर्वोच्च निकाय फिफाले डिओपको निधन भएको पुष्टि गरेको छ । डिओपले सन् २००२ को विश्वकप खेलेका थिए । फ्रान्सविरुद्ध भएको विश्वकपको उद्घाटन खेलमा उनले निर्णायक गोल गरेका थिए । उनको निर्णयक गोलले सेनेगलले फ्रान्सलाई १-० ले हराएको थियो ।

सेनेगल त्यस विश्वकपको क्वाटरफाइनलसम्म पुगेको थियो । उनले सन् २०१३ मा फुटबलबाट सन्यास लिएका थिए । डिओपले १ सय २९ प्रिमियर लिग खेलेका थिए । फुलहमबाहेक उनले वेस्ट ह्याम र बिर्मिनघम सिटी र पोर्ट्समाउथबाट समेत खेलेका थिए ।

# नेपाली १३ क्लब एएफसी लाइसेन्समा अयोग्य



■ प्रभाव संवाददाता

**काठमाडौं –** शीर्ष डिभिजन लिगका १३ क्लबले गरेको ए लाईसेन्स प्रक्रिया आवेदनमा एसियाली फुटबल फेडेरेशन (एएफसी)ले अस्विकार गरेको छ ।

अखिल नेपाल फुटबल संघ (एन्फा)ले नयाँ सिजन २०२१ को एएफसी क्लब प्रतियोगिताको सहभागीताका लागि गरेको क्लब आवेदनमा एएफसीले नेपाली क्लबको मापदण्ड नपुगेको भन्दै प्रस्ताव अस्विकृत गरेको हो ।

एन्फाले सोमबार साँझ नेपाली १३ क्लबले दिएको लाईसेन्स आवेदन रद्ध भएको जनाएको छ । यस पटक लिगमा घटुवा भएको सरस्वती क्लबले भने लाईसेन्सका लागि आवेदननै दिएन ।

ए लाइसेन्स प्रक्रिया लगभग नजिक पुगेको विभागीय आर्मी क्लबलाई एएफसीले आर्मीको प्रतिबद्धता र प्रयासलाई प्रशंसा समेत गरेको छ ।

यस अघिनै एन्फाले आवश्यक कागजातहरू नपुगेको भन्दै शीर्ष डिभिजनका क्लबलाई एएफसीको लाईसेन्सको सिफारिस नगर्ने बताउँदै आएको थियो । एन्फाले यस पटकबाट ए डिभिजन लिग खेल्न एन्फा लाईसेन्स अनिबार्य गरेको छ । गत बर्ष गलत तरिकाले क्लबलाई लाईसेन्स वितरण गरेको भन्दै एएफसीले एन्फालाई ठुलो रकमको आर्थिक जरिवाना गरेको थियो ।

एएफसीले एन्फालाई तत्काल १० हजार डलर जरिवाना गरेको थियो । गल्तीमा सुधार नगरेमा प्रतिबन्ध सहित ३५ हजार डलर भन्दा बढी जरिवाना गर्ने चेतावनी दिएको थियो । एन्फाको क्लब लाईसेन्सिङ कमिटिको आवश्यक कागजात नपुगेको भन्दै शीर्ष डिभिजनका क्लबलाई एएफसीको लाईसेन्सको सिफारिस नगर्ने निर्णय गरेको हो ।

एएफसीको क्लब लाईसेन्स नपाएपछि अब कुनैपनि क्लबले एएफसीले आयोजना गर्ने प्रतियोगिता खेल्न पाउने छैनन् । लिग च्याम्पियनको हैसियतमा ए डिभिजन क्लबले एएफसी कप खेल्दै आएका थिए । तर अब एएफसीको क्लब लाईसेन्स नपाएपछि एएफसीले आयोजक गर्ने एएफसी कप नेपाली क्लबले खेल्न पाउने छैनन् ।

# मार्चपछि अष्ट्रेलियामा पहिलो विदेशी विद्यार्थी पुगे

**सिड्नी**–कोरोना भाइरसको प्रकोप शुरु भएपछि मार्च महिनापछि अष्ट्रेलियामा विदेशी नागरिकलाई प्रवेश गर्न निषेध गरिएकोमा सोमबार यहाँ एकजना विदेशी विद्यार्थी आएका छन् ।

कोरोना भाइरसका कारण विदेशी नागरिकलाई प्रवेश निषेध गरिएपछि अष्ट्रेलियामा अध्ययनका लागि विदेशी विद्यार्थी जाने गरेकोमा सो क्रम पनि रोकिएको थियो । अष्ट्रेलियाको राजधानी सिड्नीबाट प्राप्त भएको समाचारमा सोमबार यहाँ मार्च महिनापछि पहिलो पटक एकजना विदेशी विद्यार्थी पुगेका बताइएको छ ।

अष्ट्रेलियामा यसरी विदेशी विद्यार्थीहरू अध्ययनका लागि पनि जान नपाएपछि यहाँको अरबौं डलर बराबरको ठूलो धनराशि आय पनि रोकिएको बताइएको छ । अष्ट्रेलियाको उत्तरी शहर डार्विनमा त्यहाँको विश्वविद्यालयले आफ्ना विदेशी विद्यार्थीलाई जहाज चार्टर गरेर लगेको थियो ।

यस कार्यक्रमलाई सो विश्वविद्यालयले परीक्षणको रूपमा अथवा आफ्ना विदेशी विद्यार्थीलाई ल्याउने शुरुको आयोजनाको रूपमा कार्यक्रमको शुरुआत गरेको बताइएको छ । सो विश्वविद्यालयले गरेको चार्टर जहाजमा आफ्ना ६३ जना विद्यार्थी ल्याएको बताइएको छ । चीन, जापान, भियतनाम, इन्डोनेसिया र हङकङबाट ती विद्यार्थी लगिएको थियो । ती देशका विद्यार्थीहरू सो चार्टर विमान चढ्नका लागि सिङ्गापुर पुगेका थिए । सिङ्गापुरबाट सो विश्वविद्यालयले जहाज चार्टर गरेको थियो । ती विद्यार्थीलाई अब अष्ट्रेलियामा १४ दिनसम्म क्वारेन्टाइनमा राखिने बताइएको छ ।

अष्ट्रेलियाले विदेशी उडानहरूलाई अहिले पनि अनुमति दिएको छैन । त्यसैले सो विश्वविद्यालयले विमान चार्टर गरेर आफ्ना विद्यार्थी लगेको बताएको छ । यहाँका विश्वविद्यालयहरूले देशमा उडान प्रतिबन्ध लगाइएकोले विदेशी विद्यार्थी आउन नपाएको भन्दै यसले समस्या बनाएको बताएका छन् । अष्ट्रेलियामा कोरोनाको प्रकोपका डरले गर्दा उडानहरू पनि रोकिएको छ । (रासस/एएफपी)

# बाइडेनद्वारा ह्वाइट हाउसको संचार टोलीमा महिलाहरू नियुक्त

**वासिङ्टन**–अमेरिकी राष्ट्रपतिमा नवनिर्वाचित जो बाइडेनले ह्वाइट हाउसको सञ्चार टोलीका सदस्यहरू सबै जना महिला हुने घोषणा गरेको छ । पूर्व अमेरिकी राष्ट्रपति बाराक ओबाको प्रशासनमा विदेश मन्त्रालयको प्रवक्ता रहेकी जेन साकीलाई ह्वाइट हाउसको प्रेस सचिव नियुक्त गरिएको छ ।



बाइडेनले आफूले ह्वाइट हाउसको सञ्चार टोलीका सबै सदस्यमा महिलालाई नियुक्त गर्न पाएकोमा आफूलाई निकै खुशी र गर्व लागेको बताएकी छ । उनीहरू सबै योग्य, अनुभवी सञ्चार विज्ञ रहनुभएको बताउँदै उपराष्ट्रपतिमा निर्वाचित कमला ह्यारिसले डेमोक्रेटिक पार्टीको प्रतिबद्धतालाई कामबाटै प्रतिबिम्बित गर्न चाहेको बताएकी छिन् ।

बाइडेनको सञ्चार टोलीको नेतृत्व भने केट बेडिङफिल्डले गर्नेछिन् । उनले ह्वाइट हाउसको सञ्चार निर्देशकको रूपमा भूमिका निर्वाह गर्नेछिन् । बेडिङफिल्डले बाइडेन-ह्यारिस चुनाव प्रचार अभियानको उपप्रचार व्यवस्थापकका रूपमा सेवा गरेकी थिइन ।

उनले ह्वाइट हाउसको सञ्चार निर्देशकका रूपमा सेवा गर्ने अवसर प्रदान गरेकोमा बाइडेन र ह्यारिस दुबैलाई धन्यवाद दिएकी छिन् । (रासस-एएनआई)

# भारतमा कोरोना भाइरस संक्रमितको संख्या ९४ लाख नाघ्यो

**नयाँदिल्ली**–भारतमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या ९४ लाख नाघेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार जनाएको छ । भारतमा विगत चौबीस घण्टाको अवधिमा थप ३८ हजार ७७२ जना थप व्यक्तिमा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएपछि कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या ९४ लाख नाघेको सो मन्त्रालयले जानकारी दिएको हो ।

हाल भारतमा ९४ लाख ३१ हजार ६९२ जना कोरोना भाइरस सङ्क्रमित रहेका छन् । जसमध्ये ८८ लाख ४७ हजार ६०० व्यक्ति सङ्क्रमणमुक्त भएका छन् । सो मन्त्रालयका अनुसार हाल चार लाख ४६ हजार ९५२ व्यक्ति अझै पनि सक्रिय सङ्क्रमित अवस्थामा छन् । भारतमा एकै दिन ५० हजारभन्दा कम सङ्क्रमित भेटिएको यो लगातार २३औं दिन हो ।

भारतमा कोरोना भाइरस सङ्क्रमणबाट २४ घण्टामा थप ४४३ जनाको मृत्यु भएको र यो सहित भारतमा कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ३७ हजार १३९ पुगेको छ । भारतभरी सबै भन्दा बढी कोरोना भाइरस प्रभावित राज्य महाराष्ट्र, केरला र राजधानी शहर दिल्ली भएको छ । भारतीय स्वास्थ्य अनुसन्धान परिषदले भारतमा कूल १४ करोड ३ लाख ७९ हजार नमूना परीक्षण गरेको जनाएको छ । हिजो एकै दिनमा ८ लाख ७६ हजार १७३ व्यक्तिको कोरोना भाइरस परीक्षण भएको समाचारमा जनाइएको छ । (रासस-एएनआई)


## Open Call for Training

United Enterprises and Training Center in partnership with Darkstar Training Group invites applicants for Vocational training on "**Agriculture and Production Horticulture Levels 2 – 4**" and "**Off Season Vegetable Producer**" affiliated with CTEVT from 3rd December, 2020 to 5th December, 2020.
Interested applicants can apply by calling +977 9803046569.

UETC — United Enterprises & Training Center Pvt. Ltd. Balaju, Kathmandu | DARK STAR TRAINING



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित : २०७७/०८/१६

कृषिफल प्रा.लि.को मिति २०७५।१०।१६ को विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने कर दायित्व सकार्ने ब्यहोर्ने सर्तमा सोना कृषि फार्म प्रा.लि. (प्रा.लि.दर्ता नं. २०७२८९) ले सकार्ने ब्यहोर्ने सर्तमा नाम परिवर्तन गरिएको ब्यहोरा श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७५/१०/२४ मा प्राप्त पत्रबाट निर्देशन भए अनुसार सम्वन्धित सबैका लागि सूचित गरिन्छ।

| साविक नाम | हाल कायम भएको नाम |
|---|---|
| कृषिफल प्रा.लि. | सोना कृषि फार्म प्रा.लि. |
| (प्रा.लि.दर्ता नं. २०७२८९) | (प्रा.लि.दर्ता नं. २०७२८९) |



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WESTERN STEEL INDUSTRIES COMPANY

पूर्व स्वीकृति मिति २०७६/१२/३ पून : विज्ञापन स्वीकृति मिति २०७७/०८/१५ LT. No. 234895 चलानी नं. ६०१५३५१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | NORMAL WORKER | 4 | 0 | 1000 | ३१,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | ३ वर्ष |

कम्पनी : HARMONY OF FLAVORS RESTAURANT TO PROVIDE MEALS

पूर्व स्वीकृति मिति २०७६/११/१२ पून : विज्ञापन स्वीकृति मिति २०७७/०८/१५ LT. No. 233638 चलानी नं. ६०१५२२२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MAIN FOOD PROVIDER. | 6 | 0 | 1200 | ३७,८१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः मंसिर २३ गते (8th Dec. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DEKKA KARAK CAFE

पूर्व स्वीकृति मिति २०७६/११/१८ पुनः विज्ञापन स्वीकृति मिति २०७७/०८/१५ LT. No. 234418 चलानी नं. ६०१५२७६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RESTAURANT WORKER | 4 | 0 | 1200 | ३७,८१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

कम्पनी : ABDUL KAREEM AL-SUDAIS SONS TRANSPORT CO.

पूर्व स्वीकृति मिति २०७६/११/०२ पुनः विज्ञापन स्वीकृति मिति २०७७/०८/१५ LT. No. 231976 चलानी नं. ६०१५१७७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 5 | 0 | 1800 | ५६,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Worker Loading and Unloading | 2 | 0 | 1000 | ३१,५१० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः मंसिर २३ गते (8th Dec. 2020) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००।-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Job Placement Service Pvt. Ltd.** श्रम ईजाजत नं. ४८९/०६१/०६२
Pingalasthan-8, Kathmandu, Nepal. P.O. Box 7543,Tel:+977-1-4113673, 4113674, Fax: +977-1-4113814
E-mail: info@jplacement.com, jobplacement27@yahoo.com Website: www.jplacement.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EASTERN ARTEQA PLASTIC PRODUCT FACTORY

पूर्व स्वीकृति मिति २०७७/०६/२६ पुनः विज्ञापन स्वीकृति मिति २०७७/०८/१५ LT No. 235327 चलानी नं. ६०१५३६९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKER | 6 | 0 | 1000 | ३१,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः मंसिर २३ गते (8th Dec. 2020) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रोजगारदाता आफैले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Access Partners Nepal Pvt. Ltd.** Gov.Lic.No. : 1101/073/074
Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-4355897
E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Nouf Mohammed Abdullah Al Qahtani Restaurant to provide meals

पूर्व स्वीकृति मिति २०७६/११/३० पुनः विज्ञापन स्वीकृति मिति २०७७/०८/१५ LT. No. 234908 चलानी नं. ६०१५३४३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOR | 2 | 0 | 1000 | ३१,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः मंसिर २३ गते (8th Dec. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** १०,०००।-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Noor Overseas Pvt. Ltd** श्रम ईजाजत नं. १०८८/०७३/०७४
Samakhushi-29, Kathmandu, Nepal Phone : +977-1-4383094, Tel: 9851164789
9803738222 E-Mail : director.alnoor@gmail.com Website : alnooroverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Branch Global Taste Company For Commercial Services

पूर्व स्वीकृति मिति २०७६/११/०७ पुनः विज्ञापन स्वीकृति मिति २०७७/०८/१५ LT. No. 233244 चलानी नं. ६०१५२०३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL COOK | 3 | 0 | 2000 | ६३,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : YASMINE BREAKFAST RESTAURANT TO PROVIDE MEALS

पूर्व स्वीकृति मिति २०७६/११/११ पुनः विज्ञापन स्वीकृति मिति २०७७/०८/१५ LT. No.233538 चलानी नं. ६०१५२१५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FRUIT AND VEGETABLE COOK | 1 | 0 | 1400 | ४४,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

कम्पनी : BIN HADEED GENERAL CONTRACTING COMPANY LTD

पूर्व स्वीकृति मिति २०७६/१०/२८ पुनः विज्ञापन स्वीकृति मिति २०७७/०८/१५ LT. No.232797 चलानी नं. ६०१५१५२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Road Maintance Worker | 30 | 0 | 1200 | ३७,८१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Road Equipment Operator | 9 | 0 | 2500 | ७८,७७५ | | | | | | | |
| 3 | General Car Driver | 1 | 0 | 1400 | ४४,११५ | | | | | | | |
| 4 | Factor | 2 | 0 | 1000 | ३१,५१० | | | | | | | |

कम्पनी : AL RABBAN MIX EST FOR FAST FOOD

पूर्व स्वीकृति मिति २०७६/१२/०३ पुनः विज्ञापन स्वीकृति मिति २०७७/०८/१५ LT. No. 234953 चलानी नं. ६०१५३५५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CHEFS (COOK) | 2 | 0 | 2000 | ६३,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | MAIN FOOD PROVIDER. | 2 | 0 | 2000 | ६३,०२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः मंसिर २३ गते (8th Dec. 2020) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००।-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Maharagunj, Kathmandu, Nepal Tel: +977-1-4720450, E-mail : alkausar.nepal@gmail.com



## वर्गीकृत विज्ञापन संकलन काउण्टर

पशुपति विज्ञापन सेवा - सोह्रखटटे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोनं. ४३६४७१ । ध्रुवको पसल - डिल्लीबजार, फोन नं. : ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 ।** दन्तकाली स्टेशनरी - नयाँ बसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योती पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र संचार - सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी - बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी - गटठाघर ठिमी, फोन नं. ६६३०७५७। **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी -विश्वज्योति हल साईडमा), बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर - कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः ०१-४२७१३२२। दाजुभाई स्टेशनरी - पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ९००००/- | प्रति तोला – ८९५००/- | प्रति तोला – ११५०/- |



**पर्यटकीय क्षेत्र फालोट र तीनसिमाना** : नेपाल-भारत सीमावर्ती पर्यटकीय क्षेत्र फालोट र तीनसिमाना । यी स्थानमा पर्यटकको चाप बढ्दै गएपनि नेपालतर्फ पर्यटकीय पूर्वाधार तथा संरचना नहुँदा नेपालले लाभ लिन सकेको छैन । तस्वीर : रवीन्द्र काफ्ले/रासस

## नेपालभर टेलिकमको फोरजी सेवा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल टेलिकमको फोरजी सेवा ७७ वटै जिल्लामा पुगेको छ । नेपालमै पहिलोपटक २०७३ सालमा काठमाडौँ र पोखराबाट फोरजी सेवा शुरु गरेको सरकारी स्वामित्वमा सञ्चालित कम्पनी नेपाल टेलिकमले ७७ वटै जिल्लामा फोरजी सेवा विस्तार गरेको हो ।

मोबाइल सेवाको विशेषताअनुसार सेवाको गुणस्तरमा भौगोलिक र धरातलीय अवस्था आदिले प्रत्यक्ष प्रभाव पार्ने हुनाले सेवाको गुणस्तरमा निरन्तर एकरूपता भने हुन नसक्ने टेलिकमका प्रवक्ता राजेश जोशीले जानकारी दिए । सबै जिल्लामा फोरजी विस्तारसँगै गुणस्तरको विषयमा धेरै ग्राहकले गुनासो गर्ने गरेको भन्दै टेलिकमले फोरजी प्रयोग हुने मोबाइल सेटको प्रयोगमा समेत ध्यान दिन टेलिकमले आग्रह गरेको छ । टेलिकमले सोमबार एक सूचना प्रकाशन गर्दै फोरजी सेवा प्रयोगकर्ता ग्राहकले नयाँ मोबाइल सेट खरिद गर्नुअघि एक हजार ८०० मेगाहर्ज र ८०० मेगाहर्ज ब्यान्डका बारेमा जानकारी राखी दुवै ब्यान्डबाट फोरजी सेवा चलाउन सकिने मोबाइल सेट बिक्रेताबाटै सुनिश्चित गराई खरिद गर्न अनुरोध गरेको छ ।

टेलिकमको फोरजी सेवा एक हजार ८०० मेगाहर्ज (ब्यान्ड ३) र ८०० मेगाहर्ज (ब्यान्ड २०) मा उपलब्ध गराउँदै आएको छ । 'तुलनात्मक रूपले कम जनघनत्व र फराकिलो भूगोल भएका क्षेत्रमा ८०० मेगाहर्ज र बढी जनघनत्व भएका क्षेत्रमा एक हजार ८०० मेगाहर्ज ब्यान्डमार्फत फोरजी सेवा उपलब्ध हुन्छ । फोरजी मोबाइल सेवाका कुनै पनि प्रयोगकर्ता एउटा ब्यान्डको फैलावट क्षेत्रबाट अर्को ब्यान्डको प्रभाव क्षेत्रमा प्रवेश गर्दा कम्पनीको नेटवर्कको पहुँचका अतिरिक्त प्रयोग गरिने मोबाइल सेटले ८०० मेगाहर्ज र एक हजार ८०० मेगाहर्ज दुवै ब्यान्ड उपयोग गर्न सक्ने भएमा थप गुणस्तरीय फोरजी सेवा उपयोग गर्न सकिन्छ', टेलिकमले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

बजारमा उपलब्ध अधिकांश मोबाइल सेटले एक हजार ८०० मेगाहर्ज ब्यान्डको फोरजी सेवालाई सहजै उपयोगमा ल्याउन सक्ने भए पनि केही मोबाइल सेटले ८०० मेगाहर्ज ब्यान्डबाट प्रसारित फोरजी सेवालाई ग्रहण नगर्ने पाइएको टेलिकमले जनाएको छ । दुवै ब्यान्डमा चल्ने मोबाइल सेटको अभावमा फोरजी सेवाबाट अधिकतम फाइदा लिन नसक्दा कम्पनीको फोरजी सेवाको गुणस्तर राम्रो नभएको भ्रम ग्राहकवर्गमा पर्न गएको टेलिकमले स्पष्ट पारेको छ ।

फोरजी सेवाका ग्राहकवर्गले आफ्नो मोबाइल सेटको बक्समा उपलब्ध प्राविधिक विवरण हेरेर कुन मेगाहर्जमा चल्ने मोबाइल सेट हो भनी पत्ता लगाउन सकिने भन्दै मोबाइल सेटको सेटिङमा गएर मोबाइल नेटवर्कको अप्सनभित्र टुजी देखि फोरजीसम्मको विकल्प छनोट गर्न आग्रह गरेको टेलिकमले जनाएको छ ।

## संक्रमण अन्त्यसँगै पर्यटक संख्या बढ्ने

■ प्रभाव संवाददाता

**चितवन** – संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले सन् २०२२ मा नेपालमा पर्यटकको संख्या निकै बढ्ने बताएका छन् । रत्ननगर नगरपालिका- ५ जनकौलीमा निर्माण हुन लागेको केटिएम हस्पिटालिटीको 'द फरेष्ट फ्रन्ट' नामक होटलको सोमबार शिलान्यास गर्दै उनले विगतका वर्ष भन्दा बढी पर्यटक एक वर्षपछि नेपालमा आउने बताए ।

मन्त्री भट्टराईले लामो समय घरमा रहनुपरेकाले कोरोना संक्रमण अन्त्यसँगै विदेशी पर्यटक बढ्ने उल्लेख गरे । उनले भने, 'सन् २०२० को अन्त्यमा आउँदा पर्यटन क्षेत्र ब्युँतिएको छ, सन् २०२१ को मध्यमा उठ्छ र अन्त्यमा दौडन्छ ।' उनले सन् २०२१ सँगै स्वदेशी पर्यटक निकै बढ्ने बताए । उनले भने, 'यो क्षेत्र अगाडि आउँछ, विशेषगरी २०२१ मा आन्तरिक पर्यटनमा जोड गर्नेछौँ ।'

नेपालीमा मध्यम र माथिल्लो वर्गको महत्वपूर्ण हिस्सा परिवारसहित घुम्न जाने प्रचलन स्थापित भएको उनको भनाइ थियो । उनले कोरोना संक्रमण घटेसँगै घुम्न नपाएर बसेका नेपालीले स्वदेशी गन्तव्यमा भ्रमण गर्ने बताए । अहिले नै महत्वपूर्ण पर्यटकीय गन्तव्यमा स्वदेशी पर्यटक आउन थालेको उनको भनाइ थियो ।

तत्कालै अन्तरराष्ट्रिय क्षेत्रबाट ठूलो अपेक्षा नभएको उल्लेख गर्दै उनले भने, ' पर्यटकीय गन्तव्य, होटललगायतमा स्वास्थ्य मापदण्डमा कडाइ गरिएको छ ।' पर्यटकले यहाँको अर्थतन्त्र चलायमान हुने र विश्वलाई चिनाउने मन्त्री भट्टराईको भनाइ थियो ।

सो अवसरमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर राय यादवले कोरोना संक्रमणका कारण श्रमबजार तहसनहस भएको बताए ।। उनले भने, ' विदेशमा गएकाले पनि रोजगारी गुमाएर फर्कनुपर्ने अवस्था आएको छ ।' श्रम बजारमा भएको समस्या अन्त्य गर्नका लागि नेपालमा नै सम्भावनाको खोजी गर्नु आवश्यक रहेको मन्त्री यादवको भनाइ थियो । विदेशबाट रोजगार गुमाएर फर्किएकालाई उत्पादनमूलक क्षेत्रमा लगाउन सरकारले कार्यक्रम ल्याउने तयारी गरिरहेको उनले जानकारी दिए ।

संस्कृतिलाई माटोसँग जोडेर पर्यटनको विकास गर्नसके स्वदेशमा नै रोजगारी सिर्जना हुने उनले बताए । रोजगारीको खोजीमा विदेशिएका युवाले नेपालमा नै पसिना बगाउनसके विदेश पलायन हुनबाट बचाउन सकिने उल्लेख गर्दै उनले भने, 'वार्षिक ६०० भन्दा बढी नेपालीको शव नेपाल आउने अवस्थाको अन्त्य गर्न स्वदेशमा नै रोजगारी सिर्जना गर्नु आवश्यक छ ।'

कार्यक्रममा रत्ननगर नगरपालिकाका प्रमुख नारायण वन, एनआरएनका संस्थापक अध्यक्ष डा उपेन्द्र महतो र क्षेत्रीय होटल संघ चितवनका अध्यक्ष दीपक भट्टराईले बोलेका थिए । हस्पिटालिटीका प्रमुख रामेश्वर शाहले रु २५ करोडको लगानीमा सौराहामा बुटिक रिसोर्ट निर्माण गर्न शुरु गरिएको जानकारी दिए । चौँतीस कोठामा ६५ श्ययाको सो रिसोर्ट सन् २०२२ देखि सञ्चालनमा आउनेछ । बाह्र क√ा १० धुर क्षेत्रफलमा रिसोर्ट निर्माण गर्न लागिएको हो ।

## चार महिनामा एक अर्ब रेमिट्यान्स

**धादिङ–** धादिङ जिल्लामा चार महिनाको अवधिमा एउटै कम्पनीमार्फत रु एक अर्बको रेमिट्यान्स (विप्रेषण) भित्रिएको छ । चालु वर्ष २०७७/०७८ को साउनदेखि कात्तिक मसान्तसम्ममा धादिङमा कला इन्टरनेशनल प्रालिबाट रु ९९ करोड ८२ लाखभन्दा बढी रेमिट्यान्स भित्रिएको हो । जिल्ला भित्रिएको कुल रकममध्ये ९० प्रतिशत रेमिट्यान्स महिलाको नाममा आउने गरेको कला इन्टरनेशनलका प्रबन्धक रामचन्द्र गिरीले बताए ।

विभिन्न रेमिट्यान्स कम्पनीको आधिकारिक प्रतिनिधिको रूपमा काम गरिरहेको कला इन्टरनेशनल प्रालिमार्फत उत्तरी धादिङ र मध्य क्षेत्रका स्थानीयवासीका विदेशमा काम गर्न गएकाले रकम पठाउने गरेका छन् । असोज महिनामा मात्रै रु ३३ करोड ५५ लाख बराबरको रेमिट्यान्स आएको छ ।

## नेप्से २ हजार नजिक, नौ अर्बको कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमबार पनि दोहोरो अंकले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार लगातार उकालो लागेको नेप्से झण्डै २९ अङ्कले वृद्धि हुँदा कारोबार रकमसमेत झण्डै रु नौ अर्बको हाराहारीमा पुगेको छ ।

आइतबार झण्डै ७५ अंकले बढेको नेप्से सोमबार २८.७९ विन्दुले वृद्धि हुँदा एक हजार ९९७.०५ मा पुगेको छ । यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचकसमेत १.६३ विन्दुले बढेर ३८५.५६ मा पुगेको छ । कूल १९८ कम्पनीको दुई करोड ५१ लाख ९१ हजार ३१९ कित्ता शेयर रु आठ अर्ब ८६ करोड ७७ लाख १४ हजार ६८२ मूल्यमा खरिद बिक्री भए ।

स्टकका अनुसार, कारोबार भएका कूल १२ उपसमूहमध्ये चार उपसमूहको शेयर ओरालो लागेको छ भने आठ उपसमूहको शेयर भने उकालो लागेको छ । बैंकिङ ७.३८, विकास बैंक ४८.१४, वित्त ५.४१ र सामूहिक लगानी कोष ०.१३ विन्दुले घटेको छ । यस्तै व्यापार १५१.०७, होटल ४.९६, जलविद्युत् ८९.२३, निर्जीबन बीमा १९३.०४, उत्पादन ७३.६३, अन्य ४०.२८, लघुवित्त ३७.६ र जीवन बीमा ८२३.३६ विन्दुले उकालो लाग्यो ।

कारोबार भएका कम्पनीमध्ये नेपाल लाइफ इन्सुरेन्स कम्पनी शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको रु ३८ करोड ४८ लाख ८६ हजार ७७२ बराबरको कारोबार भयो ।

नेपाल पुनर्बीमा कम्पनी रु ३७ करोड ३४ लाख ११ हजार १०९, प्रभु बैंक रु ३६ करोड ७१ लाख ३९ हजार ९३६, नेपाल बंगलादेश बैंक रु ३३ करोड ३३ लाख २७ हजार ७८४, ग्लोबल आइएमई बैंक रु २७ करोड दुई लाख ३२ हजार २१३, नेपाल इन्भेस्टमेन्ट बैंक रु २४ करोड ८६ लाख चार हजार ५२५, नेपाल बैंक रु २४ करोड ६० लाख ७५ हजार , नबिल बैंक रु २२ करोड ९७ लाख १३ हजार १४० र एनएमबी बैंक रु २२ करोड ५४ लाख ४१ हजार बराबरको कारोबार भई शीर्ष स्थानमा रहे ।

कारोबार भएका कूल कम्पनीमध्ये ११० कम्पनीको शेयर उकालो लाग्यो भने ५६ कम्पनीको शेयर ओरालो लाग्दो छ कम्पनीको शेयरमा भने कुनै परिवर्तन भएन । स्टकका अनुसार, युनाइटेड मोदी १०, माथिल्लो तामाकोशी ९.८०, ग्रिन डेभलपमेन्ट बैंक ९.७०, नेपाल बंगलादेश बैंक ९.६९, साञ्जेन जलविद्युत् कम्पनी ९.६२, रसुवागढी हाइड्रोपावर ९.६१, नेपाल लाइफ इन्सुरेन्स कम्पनी ९.४४, साल्ट ट्रेडङ कर्पोरेसनका लगानीकर्ताले ९.१७ प्रतिशतले कमाए ।

त्यसैगरी विशाल बजार कम्पनी १०, बोटलर्स नेपाल तराई ५.४२, लुम्बिनी विकास बैंक ४.१०, गरिमा विकास बैंक ३.७९, प्राइम बैंक ३.७७, श्री इन्भेस्टमेन्ट बैंक ३.६७, नेपाल एसबिआई बैंक ३.४४, महालक्ष्मी विकास बैंक ४.३७ र पोखरा फाइनान्सका लगानीकर्ताले ३.३२ प्रतिशतले गुमाए ।

सोमबारको वृद्धिसँगै कूल बजार पूँजीकरण भने रु २६ खर्ब ७६ अर्ब ५२ करोड ४५ लाख ६० हजार ७९० बराबर पुगेको छ । नेप्से र कारोबारमा उच्च अङ्कले भइरहेको वृद्धिका कारण कूल बजार पूँजीकरणसमेत झण्डै रु २७ खर्ब बराबर पुगेको हो ।


## विज्ञापन दर/रेट परिवर्तन सम्बन्धि सूचना

२०७७/०४/२५ गतेदेखि लागू हुने गरी निम्नानुसारको दर/रेट कायम गरिएको सम्बन्धि सबैलाई जानकारी गराइन्छ ।

**ज्याकेट विज्ञापन रू. १५,००,०००/-**

**सरकारी**

| पृष्ठ | रंगीन | श्यामश्वेत |
|---|---|---|
| प्रथम पृष्ठ | २३००/– | २१००/– |
| भित्री पृष्ठ | १५००/– | १३००/– |
| अन्तिम पृष्ठ | १९००/– | १७००/– |

**प्राइभेट**

| पृष्ठ | रंगीन | श्यामश्वेत |
|---|---|---|
| प्रथम पृष्ठ | १७००/– | १६००/– |
| भित्री पृष्ठ | १२००/– | १०००/– |
| अन्तिम पृष्ठ | १५००/– | १४००/– |

नोटः उपरोक्त दररेटमा कुनै कर समावेश गरिएको छैन ।

प्रभाव पब्लिकेसन प्रा.लि.
धुम्बराही-४, काठमाडौं ।
फोन नं. : ०१-४३७३५७७, ४३७७८११
इमेल : marketing2prabhab@gmail.com
वेबसाइट : www.prabhabonline.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : धुम्बराही-४, काठमाडौं, नेपाल, फोन/फ्याक्स नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बू, सम्पादकः कमलराज राई